सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ भदौ २०८०, शनिबार (2 Sep 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नेपाल प्रहरीका विशिष्ट ब्युरोकै बेहाल

बस्ने ब्यारेक छैन, थुनुवा राख्ने हिरासत छैन

आवश्यक जनशक्ति, साधन-स्रोत र अत्याधुनिक प्रविधिको अभावमै प्रहरीका विशिष्ट ब्युरो कर्तव्य निर्वाह गर्दै

डिआइजी कुबेर कडायत,
प्रवक्ता, नेपाल प्रहरी



समस्याहरू धेरै छन् । कतिपय ब्युरोमा हिरासत छैननु, कतिपयमा ब्यारेक छैन । स्रोत-साधनका लागि सरकारसँग पहल भइरहेको छ ।

नवराज मैनाली / नयाँ पत्रिका

महाराजगन्जस्थित राष्ट्रपति कार्यालय र राष्ट्रिय प्रहरी तालिम प्रतिष्ठानको बीचमा एउटा सानो गेट छ । गेटबाट छिरेपछि एउटा पुरानो भवनमा पुगिन्छ, जसमा लेखिएको छ- केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ।

हाइप्रोफाइल घटना अनुसन्धान गर्दै आएको प्रहरीको सिआइबी कार्यालय पनि कामअनुसार भव्य होला भन्ने लाग्छ । तर, कार्यालय प्रवेश गर्दा सिआइबीको बेहाल अवस्था थाहा हुन्छ । जहाँ अनुसन्धान गर्ने कक्षको त कुरै छाडौं, प्रहरी कर्मचारीसमेत बस्न पर्याप्त ठाउँ छैन ।

यति मात्र होइन, अनुसन्धानका फाइल राख्ने कोठासमेत छैन । एउटै कोठामा दर्जन प्रहरीको कार्यकक्ष छ । कर्मचारीलाई ब्यारेक सुविधा छैन । हिरासत कक्ष सानो भएकाले धेरै हुँदा अन्यत्र राख्नुपर्ने अवस्था छ । सेवाग्राही बाहिरै सवारीसाधन पार्किङ गरेर जानुपर्छ । प्राविधिक स्रोत-साधन अभाव त छँदै छ ।

हालै ललितानिवास जग्गा हिनामिनाको हाइप्रोफाइल घटनाको अनुसन्धान सकाएको सिआइबीले सुन तस्करी गर्ने अन्तरदेशीय संगठित गिरोहमाथि अनुसन्धान गरिरहेको छ । अनुसन्धानका लागि थप प्रहरी अधिकारी ब्युरोमा भिकाइएको छ । तर, आधारभूत सुविधासमेत राज्यले उपलब्ध गराउन सकेको छैन । अपराध

» पृष्ठ २ मा क्रमशः

■ मानव बेचबिखन अनुसन्धान ब्युरो

भाडाको फ्ल्याटमा कार्यालय, पीडितलाई परामर्श कक्षसमेत छैन



बबरमहलस्थित कानुन किताब व्यवस्था समितिको भवनमा एक तला भाडामा लिएर काम गर्दै आएको ब्युरोमा हिरासत कक्ष र पीडितलाई परामर्श कक्ष नै छैन । एसएसपीको कमान्डमा ७० जना कर्मचारी रहेको ब्युरोमा कार्यकक्षको समेत समस्या छ । मानव बेचबिखनका पीडितहरूको गोपनीयता राख्नुपर्ने भएकाले गोप्य रूपमा परामर्श दिनुपर्ने हुन्छ । तर, त्यस्तो कक्ष नहुँदा प्रहरी र पीडित दुवैलाई समस्या छ । ब्युरोको टोली जोखिमपूर्ण व्यक्तिमाथि निगरानी गर्न अन्तर्राष्ट्रिय विमानस्थलमा खटिन्छ, त्यहाँ उनीहरूलाई डेस्कसमेत दिइएको छैन ।



● **एसएसपी जीवनकुमार श्रेष्ठ,** ब्युरो प्रमुख

कार्यालयदेखि कानुनको अभावसम्मका धेरै समस्या छन् । आधारभूत पूर्वाधारसमेत नहुँदा धेरै समस्या झेलेर काम गरिरहेका छौं ।

■ केन्द्रीय अनुसन्धान ब्युरो

कार्यकक्षमा कोचाकोच, फाइल राख्न ठाउँ छैन



देशको हाइप्रोफाइल घटनाको अनुसन्धान गर्ने जिम्मेवारी रहेको महाराजगन्जस्थित केन्द्रीय अनुसन्धान ब्युरोमा प्रहरीलाई आधारभूत सुविधासमेत छैन । दुईतले भवनमा शौचालय, ब्यारेक, अनुसन्धान कक्ष मात्र होइन, कार्यकक्षको समेत समस्या छ । यति मात्र होइन, अनुसन्धानका फाइल राख्ने कोठासमेत छैन । शिव शिखर सहकारीको ठगीसम्बन्धी अनुसन्धानका फाइलले मात्रै एउटा कोठा भरिएको छ । एआइजीको नेतृत्वमा अहिले सिआइबीमा २०० प्रहरी कार्यरत छन् । तर, पूर्वाधार अभावले एउटै कोठामा दर्जन प्रहरीको कार्यकक्ष छ । कर्मचारीलाई ब्यारेक सुविधा पनि छैन । हिरासत कक्ष सानो भएकाले धेरै हुँदा अन्यत्र राख्नुपर्ने अवस्था छ । सेवाग्राही बाहिरै सवारीसाधन पार्किङ गरेर जानुपर्छ । प्राविधिक स्रोत-साधन अभाव त छँदै छ ।



● **एआइजी किरण बज्राचार्य,** ब्युरो प्रमुख

कार्यालयको भौतिक अवस्था वडा प्रहरीको जस्तो छ । राम्रो शौचालयसमेत छैन, ब्यारेकको सुविधा दिन सकेका छैनौं । यस्ता अनेक समस्याका बाबजुद हामीले उत्कृष्ट काम गर्ने प्रयास गरिरहेका छौं, अनुसन्धानमा कुनै कमजोरी हुन दिएका छैनौं ।

■ लागुऔषध नियन्त्रण ब्युरो

जोखिमपूर्ण काम गर्नुपर्ने ब्युरो घना बस्तीमा भएकाले आफैं असुरक्षित



विशिष्टीकृत अपराधको अनुसन्धान गर्ने उद्देश्यले ०४९ मा स्थापना भएको नेपाल प्रहरीको यो पहिलो निकाय हो । त्यतिखेर यसको नाम लागुऔषध कानुन कार्यान्वयन इकाइ थियो, ०६९ मा ब्युरो बनाइयो । स्थापना भएको ३१ वर्ष बित्दा पनि भाडाकै घरबाट कार्यालय चल्दै छ । तिनकुनेस्थित साँघुरो गल्लीभित्र रहेको कार्यालय बाहिरबाट भव्य देखिन्छ । तर, भित्र हिरासत कक्षसमेत छैन । जोखिमपूर्ण काम गर्नुपर्ने ब्युरोको कार्यालय घना बस्तीको बीचमा भएकाले आफैं असुरक्षित छ । ८० प्रहरी कार्यरत ब्युरोमा त्यावलगायत अन्य स्रोत-साधन पनि अभाव छ ।



● **एसएसपी गोविन्द थपलिया,** ब्युरो प्रमुख

साँघुरो गल्लीभित्र कार्यालय छ, कार्यालय पनि पर्याप्त छैन । आफूनै भवन भयो भने काम गर्न सजिलो हुन्छ, जग्गा खोजिरहेका छौं ।

■ साइबर ब्युरो

दैनिक सय उजुरी, जनशक्ति ७५ मात्रै



पाँच वर्षअघि स्थापना भएको साइबर ब्युरोमा दिनमै सयभन्दा धेरै उजुरी पर्छन् । सामाजिक सञ्जाल र डिजिटल कारोबारको प्रयोग बढेसँगै साइबर अपराधबाट पीडित हुनेको संख्या पनि बढ्दै गएको छ । तर, अनुसन्धान गर्ने जनशक्ति ७५ को हाराहारीमा मात्रै छ । त्यसमा पनि अनुसन्धानमा खटिने थोरै छन् । साइबर अपराधसम्बन्धी अनुसन्धान गर्न प्रविधि र अन्य साधन-स्रोतको अभाव मात्र होइन, कर्मचारीका लागि तालिमको समेत प्रबन्ध छैन । ब्युरोमा हिरासत कक्षको पनि अभाव छ ।



● **एसपी पशुपति राय,** साइबर ब्युरो

दैनिक करिब सय उजुरी आउँछन् । अनुसन्धान गर्ने जनशक्ति थोरै छ । त्यसैले उजुरी पेन्डिङमा रहन थालेका छन् ।

नेपालको नक्सालाई सम्मान गरियोस् : परराष्ट्र मन्त्रालय

नयाँ पत्रिका

नेपालले २०२० मा नेपालको संसद्ले सर्वसम्मतिले पारित गरेको राजनीतिक र प्रशासनिक नक्सालाई सम्मान गर्न चीनलाई आग्रह गरेको छ । शुक्रबार सञ्चारमाध्यमहरूको प्रश्नको जवाफ भन्दै परराष्ट्र मन्त्रालयले पठाएको प्रेस नोटमा नेपालको नक्सालाई सम्मान गर्न छिमेकीहरूलाई आग्रह गरिएको छ । परराष्ट्रले सीधै चीनको नाम भने लिएको छैन । भारतले पनि नेपालको नयाँ नक्सालाई अस्वीकार गरेको छ ।

चीनले सोमबार जारी गरेको नक्सामा नेपालको पश्चिम भूभाग कालापानीदेखि लिम्पियाधुराका भूभाग भारतमा छ । नेपालको चुच्चे नक्सालाई चीनले मान्यता नदिएको भन्दै चीनप्रति नेपालमा तीव्र असन्तोष भएका वेला सरकारले आफ्नो धारणा सार्वजनिक गरेको हो ।

'सन् २०२० मा नेपालको संसद्ले सर्वसम्मतिले पारित गरेको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट छ । यो नक्सालाई हाम्रा छिमेकी र अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्दछन् भन्नेमा नेपाल सरकार स्पष्ट रूपमा विश्वास गर्छ,' परराष्ट्रले भनेको छ, 'वार्ता र कूटनीतिबाट सीमा विवाद समाधान गर्न नेपाल प्रतिबद्ध छ ।'

औपचारिक रूपमा चिनियाँ पक्षले जानकारी नदिएकाले सरकारले यसलाई कूटनीतिक

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

झन् नयाँ

ज्यान लिने जडीबुटी



हिमालतिर

● रामचन्द्र न्यौपाने

छोटो समयमै लाखौं कमाइ हुँदा खुसी त मिल्छ, तर यार्सा संकलन गर्न जाँदा भने पलपल मृत्युको सामना गर्नुपर्छ । यार्सा संकलन गर्न जाँदा कैयौंका घर उजाडिएका छन् । बालबच्चा टुहुरा भएका छन् ।

सामाजिक सञ्जालले खोस्यो आत्मिक सम्बन्ध

यसरी संवेदनाशून्य हुँदै जाने हो भने एक दिन हामी मान्छे रहँदैनौं, ब्याट्रीबाट चल्ने रोबोटजस्तै हुनेछौं, जसको न मुटु हुन्छ, न माया, न आवेग, न संवेग



प्रविधि

● कृपा भण्डारी



रिटायर्ड लाइफ

अब मलाई कहीं पुग्नु छैन

लोकेन्द्रबहादुर चन्द,
पूर्वप्रधानमन्त्री

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा रास्वपा

पछिल्ला डेढ महिनामा पाँच देशका राजदूतसँग सभापति रवि लामिछानेको भेटवार्ता

■ राजदूतसँग भेटवार्ताका शृंखला

अनिल यादव / नयाँ पत्रिका

पार्टी स्थापना भएको एक वर्ष पुगिसक्दा पनि देशको चौथो शक्तिका रूपमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो परराष्ट्र नीति निर्माण गरेको छैन । तर, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि रास्वपा सभापति रवि लामिछानेसहितका नेताको विभिन्न देशका राजदूतसँगको भेटघाट बाक्लिएको छ । पछिल्लो डेढ महिनामा पाँच देशका राजदूतले अध्यक्ष लामिछानेसँग भेटघाट गरेका छन् ।

लामिछानेले शुक्रबार मात्रै नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँग भेटवार्ता गरे । पार्टी कार्यालय वनस्थलीमा भएको भेटमा लामिछानेले रास्वपाको लक्ष्य सुशासन, सामाजिक न्याय र आर्थिक विकास रहेको बताउँदै नेपालको समृद्धिका लागि नेपाल-भारत सम्बन्धलाई थप बलियो बनाउनुपर्नेमा जोड दिएका छन् ।

दुई देशबीचका आपसी चासोका मुद्दालाई संवादमार्फत हल गर्दै जानुपर्नेमा उनको जोड थियो । 'कूटनीतिक सम्बन्ध निर्माणका लागि निरन्तर विभिन्न देशका राजदूतसँग भेट गरिरहेका छौं,' रास्वपा महामन्त्री मुकुल ढकालले भने, 'त्यही क्रममा भारतीय राजदूतसँग भेट भएको हो । भेटवार्तामा पछिल्लो समय भारतले विज्ञान प्रविधिमा गरेको क्रान्तिका विषयमा चासो राख्दै नेपाल यसमा कसरी अघि बढ्न सक्छ भनेर सुझाव मागेका थियौं ।'

ढकालका अनुसार भारतीय राजदूत श्रीवास्तवले आर्थिक समृद्धि र परराष्ट्र नीतिका सवालमा नेपाल स्थिर नभएको गुनासो राखेका थिए । 'हामी सहयोग

» पृष्ठ २ मा क्रमशः



१५ भदौ
शुक्रबार

भारतीय राजदूत नवीन श्रीवास्तवसँग भेटवार्ता गर्दै रास्वपा सभापति लामिछाने



६ भदौ
थम्पसन
अमेरिकी राजदूत



३१ साउन
छन सोङ
चिनियाँ राजदूत



१० साउन
नोना डिप्रेज, युरोपियन युनियनकी पूर्वराजदूत



८ साउन
हनान गोडर
इजरायली राजदूत

हामीकहाँ राजदूतावास राख्ने देशसँग जिम्मेवार पार्टीका हिसाबले भेट गरेका हौं



● **शिशिर खनाल,** सांसद तथा रास्वपाका अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि विभिन्न देशका राजदूतसँग भेटघाट बढाएका छौं । देशको चौथो ठूलो शक्ति भएकाले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा यी भेटहरू भइरहेको हो । हामीकहाँ राजदूतावास राख्ने देशसँग जिम्मेवार पार्टीका हिसाबले भेट गरेका हौं । यो सम्बन्ध विस्तारको प्रारम्भिक चरण हो । हामी सबै मित्रराष्ट्रसँग यसरी नै निरन्तर भेटघाट र छलफल गरिरहन्छौं । पार्टीको परराष्ट्र नीति अहिले निर्माणकै चरणमा छ । नेपालको संविधानले नै नेपालको परराष्ट्र नीतिको मूलभूत विषय बोलिसकेको छ । त्योभन्दा दायाँबायाँ गर्नुपर्ने खासै धेरै छैन । यद्यपि, त्यसबाहेक पार्टीको स्पष्ट परराष्ट्र नीति बनाउने क्रममै छौं । त्यसैले यही नै नीति हो भनेर अहिले बोल्न सकिने अवस्था छैन ।

कोशी सरकारविरुद्धको रिट हेर्न नमिल्नेमा

आइतबार सुनुवाइ हुने

नयाँ पत्रिका

कोशी प्रदेशको आधिकारिकता विवादबारेको सुनुवाइ आइतबारका लागि सरेको छ । शुक्रबार हेर्न नमिल्ने न्यायाधीशकोमा परेका कारण उक्त रिटउपरको सुनुवाइका लागि अर्को पेसी तोकिएको हो ।

शुक्रबार सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको इजलासमा यो रिटको सुनुवाइ परेको थियो । गोलाप्रथाबाट पेसी तोकिँदा उक्त संयुक्त इजलासमा परेको हो । तर, यसअघि अन्तरिम आदेशमार्फत उक्त विषयमा राय व्यक्त गरिसकेका कारण न्यायाधीश खतिवडाले उक्त मुद्दा हेर्न नमिल्ने भएको हो ।

यसअघि ७ भदौमा न्यायाधीश खतिवडाकै इजलासले मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मतलाई संवैधानिक मान्न नसकिने आदेश गरेको थियो । निवेदक तथा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीको रिटमाथि अन्तरिम आदेश दिनुका साथै उक्त एकल इजलासले पूर्ण सुनुवाइका लागि भन्दै १५ भदौको मिति तोकेको थियो । लिखित जवाफ १३ भदौभित्र पेस गर्नुपर्नेसमेत आदेश भएको थियो । जसअनुसार तोकिएकै मितिमा अग्राधिकारसहित यो रिट इजलाससामु पेस भए पनि सुनुवाइ हुन सकेन ।

मुख्यमन्त्री थापाले ४ भदौमा विश्वासको मत पाएका थिए । उक्त दिन प्रदेश सभाको अध्यक्षता गरेका काग्रेसका प्रदेश सभा सदस्य इस्राइल मन्सुरी र उनले मत दिन जाँदा डेढ मिनेट अध्यक्षता गरेकी गीता तिमल्सिनाले समेत दिएको मत जोडेर बहुमत पुऱ्याउनु गैरसंवैधानिक



न्यायाधीश खतिवडा

मुख्यमन्त्रीले लिएको विश्वासको मतलाई संवैधानिक मान्न नसकिने अन्तरिम आदेश गरेका न्यायाधीशकै इजलासमा परेकाले मुद्दा हेर्न नमिल्नेमा रहेको दाबीसहित कार्कीले ६ भदौमा रिट दायर गरेका थिए ।

उक्त कार्य यसअघि सर्वोच्चबाटै प्रतिपादित सिद्धान्त र आदेशको विरुद्ध रहेको भन्दै बदर गर्नुपर्ने माग निवेदक कार्कीको थियो । जसमाथि आदेश गर्दै सर्वोच्चले विश्वासको मत प्राप्त गर्ने प्रक्रियासँग सम्बन्धित सम्पूर्ण कागजातको सक्कल मगाएको थियो भने नीतिगत र दीर्घकालीन महत्त्वका निर्णय गर्न प्रदेश सरकारलाई रोक लगाएको थियो ।

अमेरिकी सिनेटर क्रिस काठमाडौंमा, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग भेटवार्ता

काठमाडौं/ अमेरिकी सिनेटको परराष्ट्र सम्बन्ध समिति र राज्य तथा वैदेशिक कार्य सञ्चालनसम्बन्धी विनियोजन उपसमितिका सदस्य सिनेटर क्रिस भान होलेन काठमाडौं आइपुगेका छन् । उनले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र परराष्ट्रमन्त्री एनपी साउदसँग शिष्टाचार भेट गरेका छन् ।

प्रधानमन्त्रीको सचिवालयले नेपाल-अमेरिका सहयोगलगायत आपसी हितको विविध विषयमा छलफल भएको जनाएको छ । उनी अमेरिकाको मेरिल्यान्डका सिनेटर हुन् । एमसिसी परियोजनाहरू औपचारिक रूपमा कार्यान्वयनमा गएपछि आउने उनी पहिलो अमेरिकी प्रतिनिधि हुन् । 'परराष्ट्रमन्त्रीसँगको भेटमा नेपाल र अमेरिकाबीच द्विपक्षीय सम्बन्ध तथा बहुपक्षीय विषयमा छलफल भएको छ,' परराष्ट्र मन्त्रालयले ट्विटमा उल्लेख गरेको छ । उनले सरकारी अधिकारीहरू, युवा नेताहरू, सांसदहरू र उद्यमीहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको र भेटमा नेपालको स्वास्थ्य, पूर्वाधारका क्षेत्रमा अमेरिकी सहयोगमाथि छलफल गर्ने कार्यक्रम रहेको अमेरिकी राजदूतावासले जनाएको छ ।

साथै एमसिसी परियोजना कार्यान्वयन गर्ने नेपाली निकाय एमसिए नेपालका अधिकारीसँग पनि उनले भेटवार्ता गरेका छन् । एमसिए नेपालको कार्यालयमा उनलाई कार्यकारी खड्गबहादुर विष्टले स्वागत गर्दै एमसिसीअन्तर्गत आयोजनाको प्रगति र कार्यान्वयनमा प्रवेश भएपछिका योजनाबारे जानकारी दिएका थिए ।

नेपाल सरकार र एमसिसीबीच १३ भदौमा एमसिसीअन्तर्गतका परियोजना कार्यान्वयनसम्बन्धी पत्र आदान-प्रदान गरेका थिए । सिनेटर क्रिसले एमसिसी परियोजना कार्यान्वयनको चरणमा पुगेकामा खुसी व्यक्त गरेको एमसिए नेपालले जनाएको छ ।

■ माओवादीको तीनमहिने अभियान आजबाट

आठ लाख पार्टी सदस्य बनाउने, २५ लाख मतदातासँग प्रत्यक्ष भेट्ने

काठमाडौं/ सत्तारूढ दल माओवादीले आठ लाख सदस्य पुऱ्याउने लक्ष्यसहित तीनमहिने जनतासँग माओवादी विशेष रूपान्तरण अभियान सुरु गर्ने भएको छ । सदस्यता नवीकरण र विस्तारमार्फत लक्ष्य पूरा गर्ने गरी माओवादीले अभियान सुरु गर्न लागेको हो ।

शनिबारबाट सुरु हुने अभियानका लागि माओवादीले पदाधिकारीसहित केन्द्रीय सदस्यलाई पालिका हुँदै वडा तहसम्म खटाएको छ । अभियानमार्फत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने लक्ष्य लिइएको शुक्रबार पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष तथा प्रचार विभागका प्रमुख अग्नि सापकोटाले बताए । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भर्चुअल माध्यमबाट अभियानको उद्घाटन गर्दै छन् । सापकोटाले जनतासँग माओवादी अभियानअन्तर्गत जनतालाई प्रत्यक्ष भेटेर सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा गरेका कामबारे जानकारी गराउने बताए । साउन तेस्रो साता सम्पन्न माओवादी केन्द्रीय कमिटी बैठकले रूपान्तरण अभियान घोषणा गरेको थियो ।

मोही बाँडफाँट र सहकारी लिखतको रजिस्ट्रेसनमा शुल्क लिन नपाइने

काठमाडौं/ सर्वोच्च अदालतले मोही बाँडफाँट र सहकारीको लिखत रजिस्ट्रेसनमा शुल्क नलिन अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चको संवैधानिक इजलासले ६ भदौमा दिएको आदेशमा सहकारी ऐन, २०७४ मा रहेको व्यवस्था सम्बद्ध निकायलाई स्मरण गराएको हो ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठका साथै न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको इजलासले दिएको आदेशअनुसार ऋण लगानी गर्दा वा जमानतबापतको दृष्टिबन्धकको लिखत पारितमा शुल्क लाग्नेछैन ।

बागमती प्रदेशले आर्थिक ऐन बनाउँदा यस प्रावधानविपरीतको व्यवस्था गरेको भन्दै १ भदौमा डम्बरप्रसाद सिवाकोटीले रिट दायर गरेका थिए । जसलाई सर्वोच्चले रुजु गरी संवैधानिकमा पेसी चढाएको थियो । उक्त रिटमाथि आदेश गर्दै सर्वोच्चले भूमिसम्बन्धी ऐनसँग पनि बागमती प्रदेशको ऐन बाझिएको भन्दै प्रदेश ऐनले व्यवस्था गरेअनुसार शुल्क नलिन आदेश गरेको हो ।

सिवाकोटीले दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, सहकारी विभाग, बागमती प्रदेश सरकारसमेत विभिन्न सम्बद्ध निकायहरूलाई विपक्षी कायम गरिएको थियो । सुविधा सन्तुलनका दृष्टिले उक्त अन्तरिम आदेश जारी गरिएको आदेशमा उल्लेख छ ।

'जग्गावाला र मोहीलाई जग्गा बाँडफाँट दाखिल खारेज गर्दा दस्तुर लाग्ने विषय र सहकारी संस्थाले ऋण लगानी गर्दा जमानतबापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा शुल्क लाग्ने भन्ने विषयका सम्बन्धमा अन्तरिम आदेशको माग भएतर्फ विचार गर्दा नेपालको संविधानको धारा ११५ मा कानुनबमोजिम बाहेक कुनै कर लगाई र उठाइनेछैन भन्ने व्यवस्था रहेको, भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(ख)(३) मा जग्गावाला र मोहीलाई जग्गा बाँडफाँट दाखिल खारेज आदि गर्दा प्रचलित कानुनबमोजिम लाग्ने रजिस्ट्रेसनलगायतका कुनै पनि दस्तुर नलाग्ने व्यवस्था रहेको तथा सहकारी ऐन, २०७४ को दफा ७८(१)(ग) मा समेत ऋण लगानी गर्दा वा जमानतबापत दृष्टि बन्धकको लिखत पारित गर्दा कुनै पनि शुल्क नलाग्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा सुविधा सन्तुलनको दृष्टिकोणबाट प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म मोही बाँडफाँटमा निसर्गको नामबाट तथा सहकारीको लिखत रजिस्ट्रेसन गर्दा सहकारी ऐन, २०७४ को व्यवस्थाअनुसार शुल्क लिने कार्य नगर्नू, नगराउनू,' आदेशमा छ ।

सर्वोच्चमा प्रस्तावित न्यायाधीश शर्माविरुद्ध उजुरी आह्वान

काठमाडौं/ सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीश विनोद शर्माविरुद्ध उजुरी आह्वान गरिएको छ । संसदीय सुनुवाइ समितिको शुक्रबार बसेको बैठकले शर्माविरुद्ध १० दिने उजुरी आह्वान गर्ने निर्णय गरेको सचिव पदमप्रसाद पाण्डेयले बताए ।



न्यायपरिषद्ले १० भदौमा शर्मालाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको थियो । उच्च अदालत पाटनका न्यायाधीश शर्मा हाल सर्वोच्च अदालतमा काजमा कार्यरत छन् । उनी यसअघि पनि सर्वोच्चका लागि सिफारिस भए पनि प्रतिनिधिसभाको कार्यकाल सकिएर सुनुवाइ हुन सकेको थिएन ।

उजुरी आह्वान भएसँगै शर्माको सुनुवाइ प्रक्रिया अगाडि बढेको छ । प्रस्तावित न्यायाधीशविरुद्ध सर्वसाधारणले अबको १० दिनभित्र उजुरी दिन पाउनेछन् । उजुरीमाथि छानबिन गरेर समितिले प्रस्तावित न्यायाधीश शर्मामाथि संसदीय सुनुवाइ गर्नेछ । समितिले नाम अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

नबिल बैंक लिमिटेड भैरहवा शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०५/१६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति: २०७९/१०/०६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म, ऋणी फर्मको प्रोपाइटर तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा, मिति: २०७०/१२/२३ मा प्रा.फ.र.नं. ३२९३७/०७०/०७१ अन्तर्गत दर्ता भएको **श्री बाबा बैधनाथ हार्डवयेर ।**

ठेगाना: रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ ।

ऋणी फर्मको प्रोपाइटर तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण :

१. लखपत पाण्डेयको नाति, जोखु प्रसाद पाण्डेको छोरा, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं २ बस्ने, नागरिकता नं. १०९१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति: बि.सं. २०४४/१२/२१ भएको **श्री रमाकान्त पाण्डेय ।**
२. जोखु प्रसाद पाण्डेको नाति, रमाकान्त पाण्डेयको छोरा, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ बस्ने, नागरिकता नं. ३७/०१/६९/०६१९८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मिति: बि.सं. २०६९/१२/१३ भएको **श्री विशाल पाण्डेय ।**
३. केशव मिश्राकी छोरी, जोखु प्रसाद पाण्डेकी बुहारी, रमाकान्त पाण्डेयकी श्रीमती, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ३३०८ (जारी मिति: २०६०/०३/२०, स्थान रुपन्देही) भएकी **श्रीमती बिन्दु पाण्डेय ।**

धिताको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ बस्ने, **श्री रमाकान्त पाण्डेय**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ सिट नं. २ क मा अवस्थित कि.नं. क्रमश: ७३१, ७३५ र ७५१ क्षेत्रफल क्रमश: ०-१-७-०, ०-०-८-० र ०-१-८-०, विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ बस्ने, **श्रीमती बिन्दु पाण्डेय**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. २ सिट नं. २ क मा अवस्थित कि.नं. क्रमश: ७१३ र ५६७ क्षेत्रफल क्रमश: ०-०-१०½-० र ०-०-९-०, विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **भैरहवा शाखा कार्यालय, रुपन्देही**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति: २०८०/०५/३१ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **भैरहवा शाखा कार्यालय, रुपन्देही**मा बुझाई सक्नु पर्ने छ ।
३. प्राप्त बोलपत्रहरु मिति: २०८०/०६/०१ गते ३:०० बजे बैंकको **भैरहवा शाखा कार्यालय, रुपन्देही**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिने छ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिने छ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो, स्पष्ट खुलाई पेश गर्नु पर्ने छ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्ने छ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहने छ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्ने छ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने र कम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्र दाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्र दातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईने छ । स्वीकृत बोलपत्र दाताले बैंकले तोकेको अवधी भित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्ने छ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्ने छ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्ने छ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुने छ । त्यस्तो अवस्थामा बोलपत्र दाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईने छ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **भैरहवा शाखा कार्यालय, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

बस्ने ब्यारेक...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धानको एउटा 'प्रिमियर' संस्था आधारभूत सुविधाको समेत अभावमा चलेको छ ।

ब्युरोकी निर्देशक एआइजी किरण बज्राचार्य कार्यालयको भौतिक अवस्था वडा प्रहरीको जस्तो भएको बताउँछिन् । 'राम्रो शौचालयसमेत छैन, ब्यारेकको सुविधा दिन सकेका छैनौं,' उनी भन्छिन्, 'यस्ता अनेक समस्याका बाबजुद उत्कृष्ट काम गर्ने प्रयास गरिरहेका छौं ।'

१ साउन ०६७ बाट विशिष्टीकृत र संगठित किसिमका अपराध अनुसन्धानका लागि सिआइबी स्थापना भएको हो । सुरुमा प्रहरी प्रधान कार्यालयबाटै सुरु भएकोमा पछि महाराजगन्जस्थित सो भवनमा कार्यालय सारिएको हो । सुरुदेखि नै सिआइबीका लागि छुट्टै भवन माग हुँदै आए पनि अहिलेसम्म राज्यको ध्यान पुग्न सकेको छैन । आधारभूत सुविधा नहुँदा अप्रत्यक्ष रूपमा अनुसन्धानमा त्यसको असर देखिने ब्युरोका प्रहरी बताउँछन् ।

एक सय ६५ जना दरबन्दी रहेको सिआइबीमा हाल करिब दुई सयजना कर्मचारी कार्यरत छन् । सिआइबीमा कार्यरत प्रहरी बढी जोखिम लिएर तथा लामो समयसम्म काम गर्नुपर्ने भए पनि उनीहरूलाई तलब र रासनबाहेक थप सुविधाको पनि कुनै व्यवस्था छैन । जसले गर्दा सिआइबीमा काम गर्ने प्रहरीको उत्साह पनि उच्च छैन ।

अर्कोतर्फ सिआइबी स्वायत्त पनि छैन । भारतको सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सिबिआई)ले आफैं अनुसन्धान गरी आफैं अभियोजन पनि गर्छ । तर, नेपालमा सिआइबीले सरकारी वकिलमार्फत अभियोजन गर्दछ । जसले गर्दा पनि सिआइबी सशक्त हुन सकेको छैन ।

साँघुरो गल्लीभित्र लागुऔषध अनुसन्धान ब्युरो

विशिष्टीकृत अपराधको अनुसन्धान गर्ने उद्देश्यले स्थापना भएको नेपाल प्रहरीको पहिलो कार्यालय लागुऔषध नियन्त्रण ब्युरो हो । ०४९ मा स्थापना भएको यो ब्युरोको अहिलेसम्म आफ्नो भवन छैन । तिनकुनेस्थित एक साँघुरो गल्लीमा भाडाको घरमा कार्यालय राखेर काम गर्दै आएको छ ।

सुरुमा लागुऔषध कानुन कार्यान्वयन इकाइ नामबाट स्थापना भएको यो निकाय ०६९ मा ब्युरो बनेको हो । कार्यालय भाडाको घरमा भएकाले ब्युरोको हिरासत कक्षसमेत नभएको ब्युरो प्रमुख एसएसपी गोविन्द थपलिया बताउँछन् । 'साँघुरो गल्लीभित्र कार्यालय छ, कार्यालय पनि पर्याप्त छैन,' उनी भन्छन्, 'आफ्नै भवन भयो भने काम गर्न सजिलो हुन्छ, जग्गा खोजिरहेका छौं ।' जोखिमपूर्ण काम गर्नुपर्ने ब्युरोको कार्यालय घना बस्तीको बीचमा भएकाले आफैं असुरक्षित छ । ल्याबलगायत अन्य स्रोत-साधन पनि अभाव रहेको ब्युरोका अधिकारी बताउँछन् ।

भाडाको फ्ल्याटमा मानव बेचबिखन अनुसन्धान ब्युरो

मानव बेचबिखनका घटना बढेपछि पाँच वर्षअघि यससम्बन्धी अपराधको अनुसन्धानका लागि मानव बेचबिखन अनुसन्धान ब्युरो स्थापना भएको हो । कानुन किताब व्यवस्था समितिको बबलमहलस्थित भवनमा एक फ्लाट भाडामा लिएर ब्युरोको कार्यालय राखिएको छ ।

ब्युरोको आफ्नो हिरासत पनि छैन । अभियुक्तलाई अन्य प्रहरी कार्यालयमा थुनामा राख्नुपर्ने अवस्था रहेको र अनुसन्धानका लागि ल्याउने र लैजाने गर्दा ढिलाइ हुने गरेको ब्युरोका अधिकारी बताउँछन् ।

अर्कोतर्फ मानव बेचबिखनका पीडितहरूको गोपनीयता राख्नुपर्ने भएकाले गोप्य रूपमा परामर्श दिनुपर्ने हुन्छ । तर, त्यस्तो कक्ष नहुँदा समस्या रहेको ब्युरोका प्रमुख एसएसपी जीवनकुमार श्रेष्ठको भनाइ छ ।

ब्युरोको टोली जोखिमपूर्ण व्यक्तिमाथि निगरानी गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खटिने गरेकोमा उनीहरूलाई डेस्कसमेत दिइएको छैन । 'कार्यालयदेखि कानुन कमीसम्म धेरै समस्या छन्,' ब्युरोका प्रमुख एसएसपी श्रेष्ठ भन्छन्, 'आधारभूत पूर्वाधार नै नहुँदा पक्कै समस्या झेलिरहेका छौं ।'

साइबर ब्युरो : दैनिक ५० उजुरी, ७५ जना कर्मचारी

प्रहरीको अर्को विशिष्टीकृत निकाय हो, साइबर ब्युरो । पाँच वर्षअघि स्थापना भएको यो ब्युरोको प्रमुख समस्या जनशक्ति अभाव हो । ब्युरोमा उजुरीको चाङ लागेको छ । ब्युरोका एसपी पशुपति रायका अनुसार दैनिक ५० देखि सयसम्म उजुरी आउन थालेका छन् । तर, ब्युरोको जनशक्ति करिब ७५ जना मात्र छन् । त्यसमा पनि अनुसन्धान गर्ने थोरै छन् । एकातर्फ उनीहरूलाई तालिमको अभाव छ भने अर्कोतर्फ अनुसन्धानका लागि स्रोत-साधन छैन । जसकारण ब्युरोका उजुरी पेन्डिङमा रहन थालेका छन् ।

अझ साइबर अपराध नियन्त्रणका लागि अनुसन्धानभन्दा सचेतना आवश्यकता हुनेमा सरकारले सचेतनाका लागि बजेट नै छुट्याउने गरेको छैन । यही गतिमा साइबर अपराधका घटना बढ्दै जाने हो भने प्रहरीले थेग्नै नसक्ने ब्युरोका प्रहरी बताउँछन् । सामाजिक सञ्जाल र डिजिटल कारोबारको प्रयोग ह्वात्तै बढे पनि त्यससम्बन्धी सचेतनाको अभावमा धेरैजना यससम्बन्धी अपराधबाट पीडित हुँदै गएका छन् ।

भोटाहिटीमा रहेको ब्युरोको भवनमा हिरासत कक्ष पनि अभाव छ । ब्युरोले नयाँ भवन भने सामाखुसीमा बन्ने भएको छ । दक्षिण कोरिया सरकारको सहयोगमा ब्युरोको भवन बन्न लागेको हो । जसको गत बुधबार मात्र शिलान्यास भएको थियो । साइबरसम्बन्धी ठूला अपराधको अनुसन्धानका लागि प्रविधि र तालिम अभाव रहेको ब्युरोका अधिकारी बताउँछन् ।

यसबाहेक प्रहरीमा विशेष ब्युरो पनि छ । अन्तरदेशीय र आतंकवादसम्बन्धी गतिविधिको अनुसन्धान गर्ने निकाय भएकाले यसको कार्यालय र काम गोप्य रहन्छन् । प्रहरी प्रधान कार्यालयभित्रै यसको मुख्य कार्यालय रहेको छ । यो ब्युरोले पनि पर्याप्त स्रोत-साधन पाउन सकेको छैन ।

प्रहरी प्रवक्ता कुबेर कडायत प्रहरीका ब्युरोहरूमा कार्यालय तथा स्रोत-साधनको समस्या रहेको बताउँछन् । त्यसलाई समाधानका लागि पहल भइरहेको उनको भनाइ छ । 'कतिपय ब्युरोका हिरासत छैनन्, कतिपयमा ब्यारेक छैन,' उनी भन्छन्, 'स्रोत-साधनका लागि सरकारसँग पहल भइरहेको छ ।'

सिआइबीको कार्यालय लैनचौर सार्ने प्रयास

महाराजगन्जस्थित कार्यालयबाट काम गर्न कठिन हुँदै गएपछि सिआइबीको कार्यालय भने लैनचौरमा सार्ने प्रयास अघि बढेको छ । लैनचौरस्थित नेपाल ट्रस्टको स्वामित्वमा रहेको घरजग्गामा सिआइबीको कार्यालय सार्न लागिएको हो ।

विगतमा स्ट्यान्डर्ड चार्टर्डको कार्यालय रहेको भवनमा सिआइबी सार्ने प्रक्रिया अघि बढेको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए । 'लिजमा सो घरजग्गा लिएर सिआइबीको कार्यालय राख्नेबारे प्रक्रिया अघि बढेको छ, तर निर्णय भइसकेको छैन,' उनले भने । नेपाल ट्रस्टले उच्च भाडादर भने पनि न्यूनतम भाडामा सो घरजग्गा सिआइबीलाई दिनेबारे गृह मन्त्रालयले प्रक्रिया अघि बढाएको छ ।

अन्तर्राष्ट्रिय...

पृष्ठ १ बाट क्रमशः

गरिरहेका छौं, अझै सहयोग गर्छौं । तर, नेपालको आर्थिक, समृद्धि र परराष्ट्रका सवालमा स्थिर नीति भएन, स्थिर नीति भए राम्रो हुन्छ,' श्रीवास्तवको भनाइ उद्धृत गर्दै ढकालले भने । भेटमा रास्वपाका अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख तथा सांसद शिशिर खनाल र अर्का सांसद मनीष झा पनि सहभागी थिए ।

यसअघि लामिछानेले गत ६ भदौमा मात्रै नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनसँग भेटवार्ता गरे । रास्वपाको केन्द्रीय कार्यालय वनस्थलीमा भएको भेटमा नेपालको आर्थिक विकास र सुशासनका विषयमा छलफल भएको भेटमा सहभागी रास्वपाका सांसद एवं अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख शिशिर खनालले बताए ।

खनालका अनुसार करिब एक घन्टाको भेटघाटमा राजदूत थम्पसनले रास्वपा पार्टीको स्थापनाको औचित्य, आर्थिक नीति, योजना आदिबारे चासो राखेका थिए । 'यो भेटघाट पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा भएको हो । नेपाल र अमेरिकाको सम्बन्धबारे कुरा भयो । राजदूतले हाम्रो पार्टी के हो, योजना के छ, आर्थिक विकासलाई कसरी हेर्नुहुन्छ भनेर जिज्ञासा राख्नुभयो,' खनालले भने, 'सभापतिज्यूले हामी लोकतान्त्रिक पार्टी हौं, विधिको शासन मान्दै विशेष गरी सुशासन, आर्थिक विकास र सामाजिक न्यायमा केन्द्रित भएको बताउनुभयो । यही मुद्दा बोकेर यहाँसम्म आएको, संसद्मा पनि यिनै कुरामा आवाज उठाइरहेको र आगामी दिनमा पनि यिनै एजेन्डालाई लिएर जाने विषयमा स्पष्ट पार्नुभयो ।'

भेटमा लामिछानेले अमेरिकी राजदूतसँग नेपालीले भोगिरहेको भिसा समस्याबारे चासो राखेका थिए । 'नेपालीले सात सय दिनमा पनि भिसा डेट नपाउने समस्या आएको छ । नेपालीको यो दुःख समाधान गरिदिनुपऱ्यो,' लामिछानेले राजदूतसँग भनेका थिए ।

खनालका अनुसार जवाफमा राजदूत थम्पसनले नोभेम्बरसम्म समस्या समाधान गर्ने गरी काम भइरहेको बताएका छन् । 'प्रयास गरिरहेका छौं । स्टाफ बढाइरहेका छौं । नोभेम्बरपछि यो समस्या सल्टिँदै जान्छ,' राजदूतको भनाइ उद्धृत गर्दै खनालले भने ।

लामिछानेले यसअघि ३१ साउनमा चिनियाँ राजदूत छन सोङसँग, १० साउनमा युरोपियन युनियनकी राजदूत नोना डिप्रेज (हाल बिदा भइसकेकी) र ८ साउनमा इजरायली राजदूत हनान गोडरसँग भेटघाट गरेका थिए । चिनियाँ राजदूत सोङसँग पनि मुलुकको आर्थिक विकास, सुशासनसँगै सीमा क्षेत्रका समस्याबारे छलफल भएको रास्वपाको विज्ञप्तिमा उल्लेख थियो । 'भेटमा सभापति लामिछानेले रास्वपा एक चीन नीतिप्रति अडिग रहेकोसमेत अवगत गराउनुभएको थियो,' रास्वपाको विज्ञप्तिमा उल्लेख थियो ।

त्यस्तै, इजरायली राजदूत गोडरसँगको भेटवार्तामा दुई देशको सम्बन्धसँगै विश्वमै उत्कृष्ट मानिने इजरायली प्रविधि, ज्ञान र सीप प्रयोग गरेर नेपाललाई कृषियोग्य जमिन प्रयोग गर्न सकिन्छ भनेर रास्वपा लामिछानेले चासो राखेका थिए ।

युरोपियन युनियनकी राजदूत नोना डिप्रेजसँग भने नेपालबाट बिदा हुनुअघि १० साउनमा भेटघाट भएको थियो । अहिले इयूमा नयाँ राजदूत आइसकेका छन् ।

रास्वपाका अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख खनाल अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि विभिन्न देशका राजदूतसँग भेटघाट बढाएको बताउँछन् । 'देशको चौथो ठूलो शक्ति भएकाले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा यी भेटहरू भइरहेको हो,' उनले भने, 'हामीकहाँ राजदूतावास राख्ने देशसँग जिम्मेवार पार्टीका हिसाबले भेट गरेका हौं । यो सम्बन्ध विस्तारको प्रारम्भिक चरण हो । हामी सबै मित्रराष्ट्रसँग यसरी नै निरन्तर भेटघाट र छलफल गरिरहन्छौं ।'

पार्टीको परराष्ट्र नीति अहिले निर्माणको चरणमै रहेको उनले बताए । 'नेपालको संविधानले नै नेपालको परराष्ट्र नीतिको मूलभूत विषय बोलिसकेको छ । त्योभन्दा दायाँबायाँ गर्नुपर्ने खासै धेरै छैन,' उनले भने, 'यद्यपि, त्यसबाहेक पार्टीको स्पष्ट परराष्ट्र नीति बनाउने क्रममै छौं । त्यसैले यही नै नीति हो भनेर अहिले बोल्न सकिने अवस्था छैन ।' रास्वपाले अहिलेसम्म आफ्नो राजनीतिक-वैचारिक प्रतिवेदन तयार गरिसकेको छैन ।

Invitation of Sealed Quotations for Procurement of Four Wheeler Vehicles for the Bank

Nabil Bank Ltd. invites sealed quotations from the interested firms/companies for Supply and Delivery of multiple quantities of Four Wheeler Vehicles (Electric Vehicles/ Fuel based vehicles) under various categories and vehicle segment.

1. Cars (Sedan/ Hatchback)
2. Vans
3. 2WD, 4WD and AWD Utility Vehicles (Multi-Utility Vehicle/ Sport Utility Vehicle/ Single Cab Pickup/ Double Cab Pickup)

Bid documents with detailed specifications, delivery destination and Terms & Conditions can be purchased from the **Administration Department, 4th floor, Ghantaghar building,** Kathmandu, Nepal, upon submission of a written request letter and **non-refundable fee** of NPR. 2,000.00 (In words: Rupees Two Thousand Only).

Please visit the Notice Section of the Bank website, www.nabilbank.com and/or Facebook page of Nabil Bank Ltd. for detailed information on quantity of required vehicles and other Terms & Conditions.

Last Date for submission of sealed quotations: **17th September 2023, 4:00 PM**

NABIL BANK®
Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu. Contact No: - 01-4233780

नेपालको नक्सालाई...

पृष्ठ १ बाट क्रमशः

तहमा मुद्दा बनाउन चाहेको थिए । तर, विज्ञका प्रतिक्रिया र मिडिया रिपोर्टिङको दबाबपछि सरकारले धारणा सार्वजनिक गरेको हो । बिहीबार मात्रै परराष्ट्रमन्त्री एनपी साउदले नयाँ नक्साबारे सरकारलाई औपचारिक जानकारी नभएको प्रतिक्रिया दिएका थिए ।

चीनको प्राकृतिक स्रोत मन्त्रालयले ११ भदौमा जारी गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्साविनाको पुरानो नक्सा उल्लेख छ । चीनले सर्भे तथा म्यापिङ कानुन लागू भएको ३०औं वर्षको उपलक्ष्यमा नयाँ नक्सा जारी गरेको हो । सोमबारदेखि नयाँ नक्सा कार्यान्वयनमा आएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बुधबार 'नयाँ स्तरको राष्ट्रिय नक्सा जारी गर्नुलाई कानुनअनुसार चीनको सार्वभौमसत्तासम्बन्धी अभ्यासको नियमित प्रयोग' भएको प्रतिक्रिया दिएका थिए ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १६ भदौ ०८०
nayapatrikaofficial @naya_patrika

ज्यान लिने जडीबुटी

छोटो समयमै लाखौँ कमाइ हुँदा खुसी त मिल्छ, तर यार्सा संकलन गर्न जाँदा भने पलपल मृत्युको सामना गर्नुपर्छ। यार्सा संकलन गर्न जाँदा कैयौँका घर उजाडिएका छन्। बालबच्चा टुहुरा भएका छन्।



रामचन्द्र न्यौपाने
ramchandraneupane7@gmail.com
हिमालतिर



डोल्पाको ठूलीभेरी नगरपालिका रूपपानीस्थित यार्सा पाटनमा यार्सागुम्बा संकलन गर्न पुगेका सर्वसाधारण

डोल्पामा बहुमूल्य जडीबुटी यार्सागुम्बा संकलन गर्ने समय सकिएको डेढ महिना भइसक्यो। स्थानीयले संकलन गरेको जडीबुटी बेची पनि सके। तर, त्यहाँका मानिसका मनमा भने वर्षौंदेखिका घाउ अझै ओभाएका छैनन्। हरेक वर्ष यार्सा टिप्ने मौसम आएसँगै आफन्त गुमाएको पीडा पुनः बल्झिन्छ। यार्सा टिप्ने क्रममा ज्यान गुमाउनुपरे पनि यहाँका मानिस पाटनमा जान बाध्य छन्। एक सिजनमा एउटा परिवारले दुईदेखि १० लाखसम्म कमाउँछन्। छोटो समयमै लाखौँ कमाइ हुँदा खुसी त मिल्छ, तर यार्सा संकलन गर्न जाँदा भने पलपल मृत्युको सामना गर्नुपर्छ। यार्सा संकलन गर्न जाँदा कैयौँका घर उजाडिएका छन्। बालबच्चा टुहुरा भएका छन्। घरबार उजाडिएका केही प्रतिनिधि घटना यस्ता छन्-



यार्सा पाटनमा यार्सागुम्बा टिप्दै सर्वसाधारण

बर्सेनि ज्यान गुमाए पनि यार्सा संकलन गर्न मानिस गइरहेका छन्। जीविकोपार्जनको अन्य माध्यम नहुँदा उनीहरू ज्यानको बाजी थापेर चिसो पाटनमा जान बाध्य छन्। सरकारले बिचौलिया नियन्त्रण, यार्साको मूल्य निर्धारण र बिमालगायत सुविधा उपलब्ध गराउनुपर्छ। यति गरेमा नागरिकले राज्यबाट राहत महसुस गर्थे।

घटना - १

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- १ गल्ली गाउँ बस्ने हिरालक्ष्मी शाहीलाई यार्सा संकलन गर्ने समय जति नजिक आउँछ त्यति नै पीडा हुन्छ। उनलाई लाग्छ, वर्षमा अरू सबै महिना आओस्, तर जेठ महिना कहिल्यै नआओस्। किनकि जेठ महिनामै उनको श्रीमान् हरिचन्द्र शाहीको यार्सा टिप्ने क्रममा मृत्यु भएको थियो। ६ वर्षअघि पति गुमाएकी हिरालक्ष्मी अहिले ४१ वर्षकी भइन्। श्रीमान् बित्दा उनी ३५ वर्षकी मात्र थिइन्। उनका श्रीमान्ले ४३ वर्षको उमेरमै ज्यान गुमाउनुपऱ्यो।

हरिचन्द्र ०७३ जेठ महिनामा भोक्पा लेकमा पुगे। उनको सपना थियो- यार्सा बेचेको पैसाले सुर्खेतमा ११ कक्षा पढ्दै गरेकी जेठी छोरी रत्नरूपालाई भने धेरै पढाएर ठूलो मान्छे बनाउने। यस्तै, सपना बोकेर श्रीमती र कान्छी छोरीसहित उनी करिब चार हजार मिटर उचाइको भोक्पा लेकमा पुगे। हरिचन्द्रको परिवारले बाटोमा बाग्लो हिउँ जमेका कारण धेरै समस्या भोग्यो। साथमा लगेको चामल, चाउचाउ र बिस्कुट खाँदै चिसोबाट बच्ने कोसिस गरिरहे। निकै कष्ट भोगेर पाटन पुगे। हरिचन्द्र चिसोका कारण पहिलेदेखि नै बिरामी परिरहन्थे। पाटनको माइनस तापक्रमले झनै गल्दै गए।

पाटन पुगेको भोलिपल्टदेखि हिरालक्ष्मी पनि साह्रै बिरामी परिन्। त्यो नमीठो क्षण सम्झिँदा उनलाई अहिले पनि अत्यास लाग्छ। भन्छिन्, 'धेरै चिसो भएर हातखुट्टा पूरै सुनियो। रातिदेखि दिसापिसाब नै बन्द भयो।'

चिसोले दुवैजना थलिएपछि उनीहरूलाई गाउँलेहरूले घरसम्म पुऱ्याइदिए। चिसोका कारण उनको श्रीमान्को शरीर पूरै सुन्निएको थियो। घर पुगेर उनीहरूले देवीदेउता गुहारे, धामीझाँक्री बोलाए। तर, निको भएन। हिरालक्ष्मी गला अवरुद्ध बनाउँदै भन्छिन्,'हामी मेडिकलमा गर्यौं। दुवैजनालाई अलि ठीक भयो। तर, रातिदेखि उहाँलाई गाह्रो भयो। मलाई आइसियूमा राख्नू, म बाँच्छु भन्नुभयो। त्यसपछि भोलिपल्ट बिहान नेपालगन्ज लैजान सिँढीबाट ओराल्दै गर्दा उहाँ बित्नुभयो। बाँच्ने लेखा (भाग्य) भएर होला मचाहिँ बाँचेँ।'

गाउँका धेरैले उनको श्रीमान्लाई भुतले खायो भने। तर, हिरालक्ष्मीलाई आफ्नो श्रीमान् भूतले खाएको भन्नेमा विश्वास छैन। भन्छिन्, 'मेरो श्रीमान् पैसा कमाउन यार्सा टिप्न नगएको भए बित्नुहुने थिएन। दुई-चार पैसा होला कि भनेर चिसोमा यार्सा टिप्न जानुभयो। अनि चिसोले बित्नुभयो।' आफ्नो श्रीमान् कुनै देवीदेवता, भूतप्रेतको श्राप

■ यार्सा टिप्न गएका श्रीमान् गुमाएकी रीता पहाडी भन्छिन्-

यार्सा टिपेर नयाँ घर बनाउने हाम्रो योजना थियो। तर, उहाँ फर्किएर आउनुभएन। मैले त श्रीमान्को मुखसम्म देख्न पाइनँ। उतै बित्नुभयो। दाहसंस्कार पनि उतै भयो। यार्साले उहाँको ज्यान लियो।



लागेर बितेको कुरामा उनलाई विश्वास छैन। श्रीमान्को मृत्यु गरिबीको कारण भएको उनको ठहर छ।

हिरालक्ष्मीका दुई छोरा दुई छोरी छन्। छोराछोरी पढ्दै छन्। आयस्रोत केही पनि छैन। जग्गाबाट उब्जनी पनि हुँदैन। ज्याला मजदुरी गरेर जसोतसो छोराछोरी पढाइरहेकी छिन्। उनी आशावादी हुँदै भन्छिन्, 'दुःख गरेरै भए पनि छोराछोरी पढाइरहेकी छु। एक दिन यिनीहरूले सपना पूरा गर्लान् भन्ने आशा छ।'

घटना - २

हिरालक्ष्मीको जस्तै यार्सागुम्बाकै कारण त्रिपुरासुन्दरी- १० लिकु बस्ने रीता पहाडीले पनि कलिलै उमेरमा श्रीमान् गुमाइन्। भर्खरै ३१ वर्ष टेकेकी उनका श्रीमान् नारायण पहाडीको ३३ वर्षकै उमेरमा ग्यालबारा पाटनमा चिसो र लेक लागेर अकालमै ज्यान गयो। नारायणको पनि घरायसी अवस्था कमजोर छ। यार्सा टिपेर नयाँ घर बनाउने सपना लिएर उनी पाटन पुगेका थिए। तर, सपना पूरा भएन। ०७५ जेठ १३ गते उनको ज्यान गयो।

'यार्सा टिपेर नयाँ घर बनाउने हाम्रो योजना थियो। तर, उहाँ फर्किएर आउनुभएन,'रीता सुस्तरी भन्छिन्,'मैले त श्रीमान्को मुखसम्म देख्न पाइनँ। उतै बित्नुभयो। दाहसंस्कार पनि उतै भयो। मेरो श्रीमान्को यार्साले ज्यान लियो।'

उनीहरूका दुई छोरी एक छोरा छन्। छोरीछोरी पढ्दै छन्। उनको परिवारमा बिहान-बेलुकी छाक टार्ने समस्या छ। रीताको जग्गा धेरै छैन। थोरै भएको जग्गामा उब्जनी पनि हुँदैन। रीताले मजदुरी गरेर छोराछोरी हुर्काइरहेकी छिन्। नयाँ घर बनाउने श्रीमान्को सपना गाउँले र माइतीको सहयोगमा रीताले पूरा गरेकी छिन्। त्यो घर बनाउने आधा खर्च भने उनी आफैंले कमाएकी हुन्। 'घर बनाउँदा लागेको पन्ध्र लाख ऋण छ कसरी तिर्ने हो रातभरि निद्रा लाग्दैन्,' उनले भनिन्,'बरु भोकै बसौंला, तर छोराछोरीलाई किरा टिप्न कहिले पठाउँदिनँ।'

घटना - ३

त्रिपुरासुन्दरी -८ देवकोटा वाडागाउँ बस्ने ४५ वर्षीया सुनकुमारी जैसीको पनि त्यस्तै कथा छ। उनले पनि कलिलै उमेरमा आफ्ना पति गुमाइन्। उनको श्रीमान् हरिप्रसाद जैसीको पनि यार्सा टिप्न जाँदा ०६७ जेठमा ४० वर्षको उमेरमा पाटनमै मृत्यु भयो। हरिप्रसादका चार छोराछोरी छन्। यार्सा टिप्न उनी से-फोक्सुन्डो गाउँपालिकाको कुनासा पाटनमा पुगेका थिए। जाँदाजाँदै लेक लागेर उनी थला परे। बिरामी परेपछि हरिप्रसादलाई आफन्त छिमेकीले घरसम्म पुऱ्याइदिए। घरेलु उपचार गरे, झामीझाँक्री लगाए। तर, उनको ज्यान बचेन। 'हामीसँग पैसा थिएन। बुबालाई उपचार गर्न आमाले गाउँभरि पैसा खोज्नुभयो, तर कसैले पत्याएन,' छोरी प्रतिमा जैसीले भनिन्,'यदि पैसा भएको भए बुबालाई बचाउन सकिन्थ्यो।'

हरिप्रसाद बितेपछि उनको परिवार छिन्नभिन्नजस्तै भयो। प्रतिमा भन्छिन्,'बुबा बितेपछि म अर्काको घरमा बसेर पढ्दै छु। साइली बहिनी काठमाडौंमा अर्काको घरमा काम गर्छिन्। कान्छी बहिनी जुफाल गाउँमा आफन्तकहाँ बस्छिन्। घरमा ठूली दिदी र आमा हुनुहुन्छ। यदि बुबा भएको भए यसरी सबै छुट्टाछुट्टै बस्नुपर्ने थिएन।'

घटना - ४

त्रिपुरासुन्दरी -१० दापुगाउँ बस्ने प्रीति साहिँलाको छोरा रुद्री साहिँला पनि पन्ध्र वर्षकै उमेरमा यार्सा टिप्न जाँदा उतै अस्ताए। उनी से-फोक्सुन्डो गाउँपालिकाको सागर पाटनमा यार्सा टिप्न पुगेका थिए। ०६६ जेठमा उनी पाटनमै बिरामी परेर बिते। उनका दाई हरिचन्द्र भन्छन्,'पाटनमै चिसो र लेक लागेर भाइ बित्यो।' उनकी आमा हिरामती साहिला भन्छिन्,'छोरा किरा खोज्न पाटन गएको थियो। किरा टिपेर कमाएको पैसाले काठमाडौं गएर पढ्छु भन्थ्यो। तर, उसले भनेजस्तो भएन।'

घटना - ५

त्रिपुरासुन्दरी-९ चुँगाउँ बस्ने ५० वर्षकी उजेली पुनः पनि यार्सा टिप्न जाँदा पाटनमै बितिन्। ०५७ सालमा यार्सा टिप्न गएको वेला कुनासा यार्सा पाटनमा लेक लागेर उनी बितेकी हुन्। उनको दाहसंस्कार उतै भयो। उनकी छोरी च्यामा भन्छिन्, 'आमा बितेलगत्तै बुबा पनि बित्नुभयो। हामी झन् टुहुरा भयौं।' आर्थिक अवस्था कमजोर भएकाले बुढेसकालमा पनि आमा किरा खोज्न जान बाध्य हुनुपरेको उनले सुनाइन्।

घटना - ६

सोही नगरपालिका-२ रुम गाउँ बस्ने ४६ वर्षीय आइतुरूपा बुढाका श्रीमान् नन्दबहादुर बुढाले पनि यार्साकै कारण ज्यान गुमाए। तीन छोरी र दुई छोरा भएकी आइतुरूपाका श्रीमान् ०६७ सालमा बाउलिगार्ड यार्सा पाटनमा बिते। दमका बिरामीसमेत रहेका नन्दबहादुर बालबच्चालाई राम्रो शिक्षा दिने र नयाँ घर बनाउने सपना बोकेर यार्सा टिप्न गएका थिए। नन्दबहादुर पाटन पुगेको केही दिनमै बिरामी भए। लगातार रगत बान्दा गरेर उनको मृत्यु भयो। आयस्रोत कमजोर भएका कारण दमको रोगी श्रीमान्लाई पनि पाटनमा पठाउनु परेको आइतुरूपाले सुनाइन्। नन्दबहादुरको पनि सपना थियो- यार्सा टिपेर कमाएको पैसाले नयाँ घर बनाउने। तर त्यो सपना पूरा भएन।

नन्दबहादुर अघिल्ला वर्षहरूमा पनि यार्सा टिप्न जान्थे। आइतुरूपाले आँसु झार्दै सुनाइन्, 'अघिल्लो वर्ष दश-पन्ध्र हजारसम्म कमाउनुहुन्थ्यो। तर, त्यो वर्ष यार्साले उहाँको ज्यानै खायो। सास त भेट्न पाइनँ, लास पनि देख्न पाइनँ।'

घटना - ७

त्यस्तै, वडा नम्बर ७ छलगाउँका २५ वर्षीय लालबहादुर रोकायले पनि अकालमै ज्यान गुमाउनुपऱ्यो। यार्सा टिप्न गएको वेला लेक लागेर छोराको कलिलै उमेरमा मृत्यु भएको लालबहादुरका बुबा शिवबहादुर रोकायाले सुनाए। '०७७ सालमा सुम्से यार्सा पाटनमा छोराले ज्यान गुमायो। एउटै छोरा थियो, त्यो पनि बित्यो,' उनले दुखेसो पोखे,'आर्थिक अवस्था कमजोर भएकै कारण छोरा किरा खोज्न गएको थियो। घर फर्कन नपाएपै त्यहीबाट दैवले चुँडेर लग्यो।'

बिमा होइन, भाकल गरिन्छ

यार्सा टिप्न जानेहरूको कुनै बिमा गरिँदैन, बरु 'देवता'लाई भाकल राखिन्छ। भाकल राखे सुरक्षित भइने स्थानीयको विश्वास छ। अन्य गाउँका जस्तै रुम गाउँका मानिस यार्सा टिप्न जाँदा देउता भाकल गरेर जान्छन्। प्रत्येक वर्ष आफ्ना कुल देउतालाई दुईवटा बोका चढाएर जान्छन्। रुम गाउँका स्थानीय केदार बुढा भन्छन्,'देउताले पाटन नजानु भनेपछि जान मिल्दैन। जसले अटेर गर्छ, त्यो बिरामी पर्छ वा मर्छ।' स्थानीयहरू आम्दानीको राम्रो स्रोत अरू नहुँदा चुनौती मोलेरै भए पनि हरेक वर्ष यार्सा टिप्न पाटनमा जान्छन्। ०३५ सालदेखि डोल्पालीहरूको आम्दानीको स्रोत नै यार्सा भएको त्रिपुरासुन्दरी- १ का स्थानीय तुलराम सार्की बताउँछन्।

आफन्त गुमाएका परिवार अहिले पनि पीडामा बाँचिरहेका छन्। यार्सा टिप्न जानेहरूका लागि अहिले पनि कुनै बिमाको सुविधा छैन। डोल्पामा धेरै यार्सागुम्बा पाइने भएकाले रुकुम, जाजरकोट र जुम्लाका सर्वसाधारण पनि प्रत्येक वर्ष त्यहाँ पुग्ने गर्दछन्। प्रत्येक वर्ष रुकुम र जाजरकोटका मात्रै कम्तीमा पाँचजनासम्म नागरिकले ज्यान गुमाउने गरेको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ। रुकुम र जाजरकोटमा गर्मी हुन्छ। यार्सा चार हजार मिटरभन्दा माथि अत्यधिक चिसोमा पाइन्छ। तातो हावापानीमा बस्ने मान्छे एक्कासी उच्च हिमाली भेट पाटनमा पुग्दा लेक लागेर र चिसोका कारण ज्यान गुमाउने गरेको प्रहरी नायब उपरीक्षक शिव बुढाथोकीले बताए।

०६४ साल जेठ १५ गते जगदुल्ला गाउँपालिकामा पर्ने टाडुडे लेकमा हिउँ पहिरोले पुरेर १६ जनाको एउटै चिहान भयो। ती सबैजना यार्सा टिप्न जाँदै थिए। त्यो पहिरोमा तल्लो डोल्पाको मुड्केचुला र जगदुल्लाका स्थानीय धेरै परे। रुकुम, जाजरकोट, सल्यान, जुम्ला, कालिकोटबाट पनि हजारौँ सर्वसाधारण यार्सा संकलन गर्न डोल्पा पुग्छन्। त्यसरी पुग्ने २०औँ हजारमध्ये हरेकपटक दुईदेखि तीनजनाले ज्यान गुमाउने गर्छन्। प्रत्येकपटक यार्सागुम्बा सिजनमा डोल्पाका सर्वसाधारण घरमा ताला लगाएर बुढाबुढी, सुत्केरी, दूधे बालबच्चासमेत लिएर पाटन पुग्छन्। त्यो वेला ४५ दिनसम्म जिल्लाका सम्पूर्ण विद्यालयसमेत बन्द हुन्छ। जेठदेखि असार १५ सम्म यार्सागुम्बा संकलन हुने गर्छ।

जेठदेखि यार्सागुम्बा टिप्न जान वैशाख १५ सम्ममा सम्पूर्ण तयारी सकाउनुपर्छ। बाक्लो कपडा, चामल, दाललगायतका खाद्यवस्तु जोहो गरिन्छ। गरिबीका कारण सबैजनाले पोषिलो खानेकुरा र न्यानो लुगा जोहो गर्न सक्दैनन्। र, पनि उनीहरू लेकमा जान बाध्य हुन्छन्। जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक बुढाथोकीका अनुसार पछिल्लो पाँच वर्षमा यार्सा टिप्न गएकामध्ये लेक लागेर १२ जनाले ज्यान गुमाए। उनका अनुसार यो अवधिमा दुई वर्ष कोरोनाका कारण यार्सा पाटन नै खुलेन। तीन वर्षमा मात्रै १२ जनाले ज्यान गुमाएका हुन्।

यी त रेकर्डमा आएका मात्रै हुन्। सबै पाटनमा प्रहरी पुग्न सकेको छैन। बुढाथोकी भन्छन्,'प्रहरीको तथ्यांकमा यति

» पृष्ठ ४ मा क्रमशः

जासुसी vs जासुसी





केन्ट ह्यारिङटन
अनुवाद

भूमिका अध्ययनमा 'रासोमोन कथा'कै जस्तो गुण अनिवार्य हुन्छ, किनकि यसमा एउटै घटनाले समेत विभिन्न, कहिलेकाहीं त परस्परविरोधी व्याख्यालाई जन्म दिन्छ। आखिरकार, गुप्तचरीको दुनियाँ गुप्त अभियान, गोप्य कार्यस्थल, खुफिया सम्बन्धबीचको साझेदारी र अक्सर अवैध कामकारबाहीसहितको गोप्य सञ्चालन हो। यही कारणले गर्दा यसका सफलता र असफलता आकलन गर्न र राजनीतिक नेतृत्वका निर्णयमा गुप्तचरीको भूमिकालाई इतिवृत्त लिपिबद्ध गर्न निकै कठिन हुन्छ।

हार्वर्डका इतिहासकार काल्डर वाल्टनले आफ्नो नयाँ पुस्तक 'स्पाइजः द इपिक इन्टेलिजेन्स वार बिटविन इस्ट एन्ड वेस्ट'मा यो चुनौतीको सामना गरेका छन्। पुस्तकले पश्चिमाको रुसी सुरक्षा सेवासँगको प्रतिस्पर्धाको इतिहासमार्फत आधुनिक गुप्तचरीको उदय र तिनको भूमिकाको वर्णन गर्छ।

यो एउटा महत्त्वाकांक्षी र रोचक कथा त हुँदै हो, साथै यो प्राज्ञिक अनुसन्धानमा पनि दृढतापूर्वक आधारित छ। वास्तवमा, वाल्टनले पस्किएका विवरणले बोल्सेभिक क्रान्ति र दोस्रो विश्वयुद्धदेखि बिसौं शताब्दीको अन्त्यताका अमेरिकी, बेलायती र रुसी गुप्तचरी सेवाका सकल दर्जामा खबरी(जासुस)हरूको तैनाथीसम्मका यस अघि जानकारीमा नरहेका घटनाक्रमहरूलाई प्रकाश पार्छन्।

वाल्टनले हालै सार्वजनिक अभिलेख, वर्गीकृत इतिहास, संस्मरण र नीति-निर्माता तथा जासुसहरूसँगका अन्तर्वार्तालाई पुस्तकमा उतारेका छन्। यसरी उनले सन् १९६२ को 'क्युबाली क्षेप्यास्त्र संकट' र सन् १९८३ को 'एबल आर्चर प्रकरण'जस्ता घटनामा गुप्तचर निकायको योगदान कस्तो रह्यो भन्ने कुरा उजागर गरेका छन्। त्यसबखत कसरी नेटोको एउटा सैन्य अभ्यासले रुसको मनमा पश्चिमले पहिलो प्रहार गर्ने त्रासलाई जन्म दिएको थियो र विश्वलाई आणविक युद्धको सँघारमा पुऱ्याएको थियो भनेर उनले केलाएका छन्।

वाल्टनको पुस्तक गुप्तचरीको इतिहासमा हालैमा सार्वजनिक गोप्य विवरणको एउटा इँटा थप्ने काम मात्रै होइन। 'अप्लाइड हिस्ट्री (इतिहासका नजिर र तुलनाको विश्लेषण गरेर वर्तमानका चुनौती र विकल्प उजागर गर्ने विधि)'को एउटा उदाहरणमा, उनी युक्रेन युद्धजस्ता वर्तमान परिघटनाको विवेचना गर्न गुप्तचरीको विगतमाथिको आफ्नो अन्वेषणलाई उपयोग गर्छन् र नयाँ शीतयुद्धमा चीनमाथि पश्चिमको गुप्तचरी हाबी हुन सक्छ कि सक्दैन भन्नेलगायत भविष्यका महत्त्वपूर्ण प्रश्न उठाउँछन्।

उनको पुस्तक 'स्पाइज'ले लेनिनको 'चिका' अनि स्टालिनको 'केजिबी'देखि त्यसका सोभियोत्तर अवतारसम्मका रुसी खुफिया सेवाको उदय र भूमिकाको विवरण पस्किन्छ। स्टालिनको 'ग्रेट पर्ग'मा केजिबीको पूर्ववर्ती 'एनकेभिडी'को घातक भूमिकादेखि मस्कोको आणविक सफलताका निमित्त महत्त्वपूर्ण गोप्य जानकारी संकलन गर्न सोभियत जासुसद्वारा 'म्यानहट्टन परियोजना(द्वितीय विश्वयुद्धको समयमा आणविक बम निर्माण गर्ने अमेरिकाको अत्यन्त गोप्य परियोजना)'मा गरिएका घुसपैठसम्मका मिसन (घरेलु र अन्तर्राष्ट्रिय) माथि नयाँ अन्तर्दृष्टि प्रदान गर्छ। साथै, केजिबीका उत्तराधिकारी 'एसभिआर' र 'एफएसबी'ले सोभियतकालीन प्लेबुक प्रयोग गरेर विदेशमा आफ्ना गुप्त अभियान, जासुसी र अफवाहका अभियान अझै पनि कसरी फत्ते गर्छन् भन्ने कुराको पनि वर्णन गर्छ।

भ्लादिमिर पुटिन आफैं एक पूर्वकेजिबियन हुन्। रुसको भ्रष्ट आर्थिक कुलीनतन्त्रसहित रुसी अभिजात वर्गमा अहिले पूर्वकेजिबियनकै प्रभुत्व कायम छ। राज्यका शक्तिशाली संस्था उनैले हाँकिरहेका छन्। यसले रुसलाई एउटा अधिनायकवादी राज्यमा रुपान्तरण गरिरहेको छ। जेसुकै नामक हुन्, तर रुसका सुरक्षा निकाय २०औं र २१औं शताब्दीको आजसम्म पनि शासनसत्ताको मेरुदण्ड हुन्।

तर, वाल्टनले देखाएझैं रुसका खुफिया सेवामा सधैं उल्लेखनीय कमजोरी रहिआएका छन्। तिनको जरा अधिनायकवादी संस्कृतिमा गाडिएको छ, जसले उसलाई सत्तासीन शक्तिसमक्ष सत्य बताउन असम्भव बनाएको छ। सन् १९३० को दशकमा एनकेभिडीमा मौलाएको 'घातक शुद्धीकरण अभियान'देखि पुटिन शासित क्रेमलिनको माथिबाट तल निर्णय थोपर्ने शैलीसम्मले तल्ला तहका अधिकारीहरूलाई एउटा सीधा सन्देश दिन्छ- त्यो मात्र बताऊ, जो तिम्रो नेतृत्व सुन्न चाहन्छ। किनकि, यथार्थ रिपोर्टिङ र विश्लेषणको परिणाम उनीहरूका निमित्त करिअरको अन्त्य मात्रै होइन कि घातकसमेत हुन सक्छ।

वाल्टन सोभियत गुप्तचरीका सूचनामा एकरूपता अभावको कारण क्रेमलिनको शीतयुद्धकालीन निर्णय प्रक्रियामा त्यसले एकदमै थोरै मात्र भूमिका खेलेको दाबी पस्किन्छन्। अधिकारीहरूद्वारा अनुमोदित आख्यान र वास्तविकताबीच अन्तर हुँदा तिनले उल्लेखनीय रणनीतिक असफलता निम्त्याएका छन् जस्तो कि स्टालिनले सन् १९४१ मा खुफिया एजेन्सीले उपलब्ध गराएको हिटलरले आक्रमण गर्न सक्ने चेतावनीलाई स्टालिनले इन्कार गर्दाको परिणाम, पुटिनको सन् २०२२ मा युक्रेनमा आक्रमण गर्ने विनाशकारी निर्णय आदि। वाल्टनको ऐतिहासिक दृष्टिकोणले रुसका पश्चिमा समकक्षीका प्रदर्शनको मूल्यांकन गर्ने महत्त्वपूर्ण आधार पनि प्रदान गर्छ। सुरुमै उनी पश्चिमा नेताहरूले आफ्ना खुला समाजको नैसर्गिक कमजोरी र सोभियत जासुसी सेवाबाट उत्पन्न खतराको जटिलतालाई निकै ढिलो गरी बुझेको तर्क गर्छन्।

वास्तवमा, अमेरिकाको गुप्तचरी निकायको सुरुवात निकै कठिन रह्यो। सन् १९४७ मा जब सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सिआइए)को स्थापना भयो, ज्वाइन्ट चिफअफ स्टाफका अध्यक्ष ओमार ब्राडली आफूलाई यसको नेतृत्वमा नराखिएकोमा क्रुद्ध भए। त्यसैले उनले सिआइएका निर्देशक रोस्को हिलेन्कोइटरलाई अँध्यारोमा राख्न एफबिआईका निर्देशक जे एडगर हुभरसँग साँठगाँठ गरे, जो यस नवोदित गुप्तचरी निकायलाई रुचाउँदैन थिए। यसैले उनीहरूले हिलेन्कोइटरलाई सोभियत रुसविरुद्धको अति गोप्यप्रति जासुसी परियोजना 'वेनोना प्रोजेक्ट' र तिनका क्रिप्टोलोजिस्ट (सांकेतिक शब्दमा लेखिएका गुप्तचरी सूचना तथा जानकारी खुट्याउने र विश्लेषण गर्ने विज्ञ व्यक्ति) हरूले निकालेका निष्कर्षका बारेमा दोस्रो विश्वयुद्धअघि, विश्वयुद्धको अवधि र त्यसपछि समेत जानकारी दिएका थिएनन्। वाल्टनले सही नै भनेका हुन्, अमेरिकी गुप्तचरीको यो 'भद्रगोल' स्थिति सन् १९५२ सम्म चलेको थियो

निःसन्देह, अमेरिकी गुप्तचरी समुदायको परिपक्कताका बाबजुद, यो नोकरशाही द्वन्द्व र राजनीतिक अन्तरकलह कायमै रह्यो। आमजनतामा द्विविधा उत्पन्न हुँदा अमेरिकी खुफिया एजेन्सीहरूको सञ्चालन, परिचालन प्रभावित भयो। लोकतन्त्रमा खुफिया एजेन्सीको भूमिकालाई लिएर चलेको विवादका साथै विदेशी भूमिमा सञ्चालित गुप्त-अभियान र छद्म युद्धहरूको असफलता र स्वदेशमा शक्तिको दुरुपयोगसम्मका कारण आमनागरिकमा उनीहरूको छवि धूमिल थियो।

बदलिँदो वैश्विक वातावरणले सुरक्षा परिदृश्यलाई पनि रूपान्तरण गर्दै लगेको छ। यस्तोमा राष्ट्रिय नेताहरूलाई जनसमर्थनको खाँचो पर्नेछ। तर, ध्रुवीकरण र सरकारप्रति बढ्दो जनविश्वासले अमेरिकामाथि ठूलो व्यवधान खडा गरेको छ भने लोकतन्त्र र यसको अन्तर्राष्ट्रिय भूमिकामाथि ठूलो चुनौती थपेको छ। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको काल्पनिक 'डिप स्टेट'सम्बन्धी दाबीमा विश्वास गर्नेहरूले यसलाई थप चर्काएका छन्।

वाल्टनले यो खतरालाई स्विकारेका छन्, तर उनी यो खतराभन्दा पनि बढ्दो रूपले प्रविधिमा आधारित विश्वमा चीनले निम्त्याएको खतराप्रति बढी चिन्तित देखिन्छन्। यहाँ, वाल्टनले कुरा चपाएका छैनन्। उनका अनुसार अमेरिकी नेताहरूले चीनको विशाल, बहुपक्षीय गुप्तचरी आक्रमकतालाई बेवास्ता गरेका छन्, गुप्तचरीको लगानी र प्रतिगुप्तचरीलाई बेवास्ता गरेका छन् र उसले खडा गरेको आर्थिक, प्राविधिक एवं रणनीतिक चुनौतीलाई कम आँकेका छन्। 'यदि मैले आज हामी कहाँ छौं (चीनको सन्दर्भमा) भनेर भन्नुपऱ्यो भने म हामीलाई सन् १९४७ को स्थितिमा राख्छु,' उनी लेख्छन्।

> सुरुवातमै आफ्नो नयाँ पुस्तकमा हार्वर्डका इतिहासकार वाल्टन काल्डर यस्तो तर्क गर्छन्, 'पश्चिमा नेताले आफ्ना खुला समाजको नैसर्गिक कमजोरी र सोभियत जासुसी सेवाबाट उत्पन्न खतराको जटिलतालाई निकै ढिलो गरी बुझेका थिए।' के अहिले चीनसँग पनि उनीहरू यही गल्ती दोहोऱ्याइरहेका छन् त ?

तर, वाल्टनको चीनविरुद्ध कदम चाल्नुपर्ने तर्कमा गहन अध्ययनको अभाव देखिन्छ। रुसबारे राय दिन पनि उनले यही तर्कको सहारा लिन्छन्। र, गत सय वर्षका शिक्षामा आधारित रहेर भविष्यका गुप्तचरी प्रयास गर्न उनले सुझाएका सिफारिस एकदमै भरपर्दा नभए पनि विचारोत्तेजक भने छन्। 'खुफिया सेवाको युग समाप्त भएको छ। खुला स्रोतको सूचना (ओपनसोर्स इन्फर्मेसन)को प्रभुत्व बढ्दै गएको आजको विश्वमा गुप्तचरीको भविष्य सरकारमा होइन, निजी क्षेत्रमा निहित हुँदै गएको छ,' निष्कर्षमा उनी लेख्छन्। उनको यो कुरा सही हुन सक्छ। टेक्नोलोजीलाई खुफिया विश्वको जादुको छडीका रूपमा लिने वाल्टनको विश्वास र चिनियाँ बजार छोड्न दिनहुँ आनाकानी गर्ने ठूला कम्पनीलाई सूचीमा राख्न गरेको आग्रह भने शंकायोग्य छ।

वाल्टनले भनेझैं इतिहास आफैं दोहोरिँदैन, तर मार्क ट्विनले भनेझैं कहिलेकाहीं यो दोहोरिन्छ पनि। प्रविधियुक्त उपकरण र ओपन-सोर्स खुफिया संकलन वा क्लासिक (परम्परागत) गुप्तचरीले मुलुकलाई आवश्यक जानकारी उपलब्ध गराउन सक्छन् कि सक्दैनन, त्यो भने हेर्न बाँकी नै छ। तर, एउटा कुरा निश्चित छ, कुनै पनि लोकतान्त्रिक समाजमा, गुप्तचरीका निमित्त जनता र राजनीतिक समर्थन भने महत्त्वपूर्ण हुन्छ। कुनै पनि गुप्तचरी सेवाको सफलता घरबाटै सुरुवात हुन्छ।

*(सिआइएका पूर्ववरिष्ठ विश्लेषक केन्ट ह्यारिङटन पूर्वी एसियाका लागि राष्ट्रिय गुप्तचर अधिकारी, एसियामा स्टेसन प्रमुख र सिआइएको सार्वजनिक मामिला निर्देशकको रूपमा काम गरेका व्यक्ति हुन्। 'प्रोजेक्ट सिन्डिकेट'मा प्रकाशित यस आलेखलाई **नारायण सिवाकोटी**ले अनुवाद गरेका हुन्।)*



कृपा भण्डारी
kripanews59@gmail.com
प्रविधि

यसरी संवेदनाशून्य हुँदै जाने हो भने एक दिन हामी मान्छे रहँदैनौं, ब्याट्रीबाट चल्ने रोबोटजस्तै हुनेछौं। जसको न मुटु हुन्छ, न माया, न आवेग, न संवेग



सामाजिक सञ्जालले खोस्यो आत्मिक सम्बन्ध

मान्छेमा हुनुपर्ने आत्मीयता, मानवता, दयामाया सबै सामाजिक सञ्जालले नियन्त्रणमा लिइरहेको छ

काबिहानै मेरो फेसबुकको भित्तामा जन्मदिनको शुभकामना आयो। यसो हेर्दै, छिमेकी दिदीको म्यासेज रहेछ। खुसी हुँदै जवाफ दिएँ, 'धन्यवाद दिदी !' फेसबुकमा कुराकानी भएको केही घन्टा नबित्दै तिनै दिदीसँग तरकारी पसलमा भेट भयो। एकदम आमनेसामने। म खिस्स हाँसैं, दिदीले पनि हाँसो फर्काइन्। केही घन्टाअघि मात्रै फेसबुकमा जन्मदिनको अनेकौं शुभकामना दिने दिदीसँग केही घन्टा पनि नबित्दै भेट हुँदा मसँग बोल्ने शब्द थिएन, मसँग पनि दिदीसँग बोल्ने शब्द थिएन। तर, फेसबुकमा भने कमेन्ट र त्यसको रिप्लाई तुरन्त दिन हामीलाई नै भ्याइनभ्याई हुन्छ।

फेसबुक धेरैको हाँसो, खुसी, दुःख, सुख, आरोह-अवरोह बिसाउने चौतारी भएको छ। मानिसहरू प्रत्यक्ष साथभन्दा पनि फेसबुकमा आएका कमेन्टको साथमा नै अभ्यस्त हुँदै गइरहेका छन्। हिजोआज केही कुरा बोलिरहन पनि नपर्ने भएको छ। को कहाँ जाँदै छ ? दिनभरि के-के गऱ्यो ? कसलाई भेट्यो ? दुःखी भयो कि खुसी, सब कुरा फेसबुकबाट थाहा पाइने भएको छ।

फेसबुकमा अनेकौं साहित्य छाँटेर लेख्ने र विचार व्यक्त गर्ने मान्छे धेरै छन्। फेसबुकमा पोस्टाइएका कुराहरू हेर्दा लाग्छ, यहाँ नजान्ने र नबुझ्ने कोही छैनन्। सबै एकसेएक। मान्छेहरू 'फिलिङ ह्याप्पी' भन्दै खुसीहरू बाँडिरहँदा यस्तो लाग्छ, साँच्चै मान्छे कति खुसी छ, जीवन जिउन जान्यो उसले। तर, वास्तविकता भने अर्कै छ। केहीबाहेक अधिकांश

ज्यान लिने...

पृष्ठ ३ बाट क्रमशः

मात्रै घटना हुन्। प्रहरी कार्यालयको जानकारीमै नआइपुगेका घटना अझै धेरै छन्। प्रत्येक वर्ष करिब एक दर्जनभन्दा धेरैले ज्यान गुमाउने गरेका छन्।'

यार्सा उच्च भूभागमा पाइने भएकाले तयारीविना गएका मान्छेहरूले चिसोले ज्यान गुमाउने गरेको जिल्ला अस्पताल डोल्पाका डाक्टर अखण्ड उपाध्यायले बताए। 'यार्सा पाइने हतारोले जंकफुड खान्छन्। काँचो खाना पनि खान्छन्। त्यसले गर्दा पनि स्वास्थ्यमा समस्या आउँछ, उनले भने, 'अर्को कारण भनेको प्रेसर, दम पनि हो। यी रोगले छोएका बिरामी पनि यार्सा टिप्न पुग्छन्।' यार्सा टिप्न जाँदा न्यानो कपडा लगाउने, तातो खाने, प्राथमिक उपचारका औषधि बोकेर जाने र दम प्रेसरका बिरामी सकभर नजाने, साना बालबालिकाहरू नलैजान उनी सुझाव दिन्छन्।

करोडौं उठ्छ राजस्व

से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जले यार्सा संकलन इजाजत र छोड पुर्जी वितरणबाट प्रत्येक वर्ष न्यूनतम ५० लाखभन्दा धेरै राजस्व संकलन गर्ने गरेको छ। यस वर्ष मात्रै छोडपुर्जी र संकलन इजाजत वितरणबाट दुई करोड तीन लाख राजस्व संकलन भएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत लालबहादुर भण्डारीले जानकारी दिए। प्रत्येक वर्ष जिल्लामा सर्वपक्षीय भेलाबाट मात्र यार्सा संकलन मिति तोक्ने गरिन्छ। निकुञ्जले वर्ग छुट्याएर राजस्व उठाउँदै आएको छ। मध्यवर्ती क्षेत्रभित्रका स्थानीयलाई एक हजार, जिल्लाभित्रकालाई दुई हजार र जिल्लाबाहिरकालाई तीन हजार तोकिएको छ। संकलकबाट बर्सेनि लाखौं राजस्व उठाए पनि स्वास्थ्य बिमा भने गरिँदैन।

निकुञ्जले यार्सा टिप्नेबाट राजस्व मात्र लिने र कुनै बिमाजस्ता सुविधा नदिनु गलत भएको त्रिपुरासुन्दरी मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष चन्द्रमान सार्कीले बताए। 'यार्सा टिप्न जाने क्रममा जिल्लाका प्रत्येक गाउँका नागरिकले अभिभावक र परिवारका सदस्य गुमाएका छन्। उनीहरूको जीवनस्तर दयनीय छ। मृतकका छोराछोरीले पढ्न पाएका छैनन्, राम्रोसँग खानसमेत पाएका छैनन्। राज्यले राजस्व मात्रै असुलेर हुँदैन। उनीहरूबारे राज्यले केही सोच्नुपर्छ,' सार्की भन्छन्,'यार्सा टिप्न जाने सबैको बिमा सरकारले गर्नुपर्छ। बिमाको व्यवस्था गर्नुपर्नेमा से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत लालबहादुर भण्डारीको पनि मत छ। उनी भन्छन्, 'यार्सा पाटनमा जानेहरूको बिमा गर्न अत्यावश्यक छ।'

यार्सामा पनि बिचौलिया

यार्सागुम्बामा पनि बिचौलिया हाबी हुने गरेको छ। बिचौलियाले संकलकबाट प्रतिगोटा दुईदेखि तीन सयसम्ममा खरिद गर्छन् र व्यापारीलाई १५ सयसम्ममा बेच्छन्। यार्सा संकलनको समयमा व्यापारी पाटनमै पुगेर सस्तो मूल्यमा यार्सा खरिद गर्छन्। पछि भाउ पाइँदैन भन्दै संकलकहरूलाई मनोवैज्ञानिक त्रास देखाउँछन्। बिचौलियाले संकलकबाट प्रतिकिलो पाँचदेखि दश लाखसम्ममा लिएर १५ देखि ३० लाखसम्ममा बेच्ने गरेको दापुगाउँका स्थानीय रणबहादुर धराला बताउँछन्। अन्तर्राष्ट्रिय बजारमा यार्साको भाउ प्रतिकेजी ७० लाखसम्म रहेको उनको भनाइ छ। यार्साको मूल्य निर्धारण नहुँदा संकलकहरू व्यापारीबाट प्रत्येक वर्ष करोडौं ठगिनुपरेको धरालाको गुनासो छ। बहुमूल्य जडीबुटीको मूल्य सरकारले नै निर्धारण गर्नुपर्ने उनको भनाइ छ।

अघिल्लो वर्ष डिभिजन वन कार्यालयबाट मात्रै दुई सय ८० किलो यार्साको छोडपुर्जी वितरण भएको डिभिजन वन कार्यालय डोल्पाका डिभिजन वन अधिकृत महेश कुमाईंले जानकारी दिए। उनका अनुसार पछिल्लो केही वर्षयता यार्सा घट्दो क्रममा छ। बर्सेनि छोडपुर्जी र संकलन पुर्जी घटिरहेको छ। कोभिडअघिका वर्षहरूमा डिभिजन वन कार्यालयबाट मात्रै १० देखि १२ क्विन्टलसम्म यार्साको छोडपुर्जी जारी हुने गरेको उनले बताए। अधिकृत कुमाईंका अनुसार गत आर्थिक वर्षमा एक करोड १२ लाख राजस्व संकलन भएको थियो।

डोल्पामा यार्साको व्यावसायिक संकलन ०४० सालदेखि सुरु भएको हो। २०७५ सालदेखि १२ जना यार्सा संकलकले ज्यान गुमाएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ।

बर्सेनि ज्यान गुमाए पनि यार्सा संकलन गर्न मानिसहरू गइरहेका छन्। जीविकोपार्जनको अन्य माध्यम नहुँदा उनीहरू ज्यानको बाजी थापेर चिसो पाटनमा जान बाध्य छन्। सरकारले बिचौलिया नियन्त्रण, यार्साको मूल्य निर्धारण र बिमालगायतका सुविधा उपलब्ध गराउनुपर्छ। यति गरेमा नागरिकले राज्यबाट राहत महसुस गर्थे।



रत्न प्रजापति
ratna.prajapati@gmail.com
समीक्षा

कथा खोज्न कतै जानै नपर्ने, यत्रतत्र छरपस्टिएका हुँदा रहेछन्। टपाटप टिप्यो, मनको पोल्टाभरि हाल्यो अनि कल्पनाको मसीमा चोपेर कलात्मक आकार दियो, कथा तयार भइहाल्दो रहेछ।' कथालेखनमा यस्तो धारणा राख्ने कथाकार साधना प्रतीक्षाको नवीनतम कथासंग्रह हो 'यमदूतको आत्मसमर्पण'। यसलाई शिखा बुक्सले प्रकाशन गरेको छ। संग्रहमा मझौला आकारका २५ वटा कथा संगृहीत छन्।

पाइला-पाइलामा भेटिने कथाका बिउहरू टिप्दै, मनको आँगन, भावनाको करेसा अनि कल्पनाका गमलामा रोप्ने कथाकार प्रतीक्षाले ती कथाका फूलहरू ढकमक्क भएपछि टपाटप टिपेर एउटा माला बनाएकी छिन्। त्यही माला हो 'यमदूतको आत्मसमर्पण।'

अधिकांश कथा नारी संवेदनाले भरिएका छन्। कथामा नारी अनुभूतिको प्रधानता छ। नारी संवेदना उनका कथाका केन्द्रबिन्दु नै बनेर रहेका छन्। ग्रामीण परिवेश, गरिब र दीनदुःखी पात्रको बाहुल्य, सपनाको संसार, हराउँदै गएको मानवीय संवेदनाप्रति चिन्ता, कारुणिकता, राजनीतिक तथा सामाजिक बेथितिप्रति प्रहार, नारीमाथि हुने पुरुष दमन र शोषणविरुद्ध विद्रोहको आवाज, परिवर्तनको चाहना, सुखको कामना आदि यस कथासंग्रहभित्र समेटिएका कथाका कथानकीय विशेषता हुन्। बोधगम्यता, सरल लेखनशिल्प र कथामा सहज प्रवाह कथाकार साधना प्रतीक्षाका कथाकारिताका मूलभूत विशेषता हुन्। सरलतामै सुन्दरता हुन्छ भन्ने उक्तिलाई कथाकार



मानिसले आफैँलाई बुझ्न र माया गर्न बिर्सेको छ। बिहानै उठेर शारीरिक व्यायाम गर्न अल्छी लाग्छ, तर बेडमा कसले के भन्यो, कसले आफ्नो स्टाटसमा लाइक र कमेन्ट गऱ्यो, त्यो हेर्न गज्जबले जाँगर चलाउँछ।

मानिसले सामाजिक सञ्जालमा व्यक्त गरिएका त्यही भाव, त्यही विचार व्यक्तिगत जीवनमा राख्न वा अवलम्बन गर्न भने नसकेको तितो यथार्थ हाम्रोसामु छ। न त त्यहाँ गरेका ठुल्ठूला आदर्शका कुरा आफ्नो जीवनमा लागू गर्न नै सक्छ मानिस। न त त्यहाँ देखिएको खुसीलाई वास्तविकतामा नै अनुभूत गर्न सक्छ। महिला हिंसा अपराध हो भनेर दिउँसो फेसबुकमा स्टाटस लेखेको मान्छेले नै साँझ घर गएर श्रीमती कुट्छ। त्यस्तै, पुरुषको दबाबमा दबिन हुँदैन, हाम्रो अधिकार खोसेर भए पनि लिनुपर्छ, हामी महिला यस्ता, उस्ता भनेर दिउँसो चर्को भाषण गर्ने महिला साँझ आफ्नै लोग्ने जाँड खाएर कुट्दा सहेर बस्छन्। देखावटी बन्दै गइरहेको छ, सामाजिक सञ्जाल। फेसबुकमा जुन रूपमा कुरा व्यक्त हुन्छन् त्यही रूपमा सबैले आफ्नो वास्तविक जिन्दगीलाई बुझ्ने र त्यहीअनुसार जिउने हो भने पनि समाजमा उदासीनता, नैराश्यता, वैराग्यजस्ता कुरा हटेर जाने थियो। तर, होइन हामीलाई लाइक र कमेन्टको लेखाजोखा गर्नुछ, ठूला कुरा गरेर।

एकातिर प्रविधिले विश्वलाई नै सानो गाउँमा सीमित गरेको छ भने अर्कोतिर मानिस मानिसबीचको आत्मियतामा कमी ल्याएको देखिन्छ। एक-अर्काको अनुहार हेरेर बोल्न, समय भयो भने भेटैै आँखामा आँखा जुधाएर दुःख-सुखका कुरा बाँड्न आजकाल मानिसलाई फुर्सद नै छैन। केही गरेर कहींकतै भेटिहाले पनि मानिसहरू एक-अर्कासँग आफ्ना कुरा राख्ने काम थोरै र मोबाइल र त्यसमा भएका अपडेट हेर्न धेरै समय खर्चिन्छन्।

उदाहरणका लागि छिमेकीको घरको कोही सदस्य हस्पिटल भर्ना हुँदा अर्को छिमेकीले फेसबुकबाटै 'गेट वेल सुन' अर्थात् 'छिटो निको हुनू' भनेर शुभेच्छा प्रकट गर्छ। तर, त्यही कुरा प्रत्यक्ष भेटेर ढाडस दिन भने समय छैन हिजोआज मानिसहरूसँग। मानिस सुख-दुःखमा अन्य मानिसहरूको साथ र सहयोग चाहन्छ, तर हिजोआज साथ-सहयोग पनि फेसबुकमा लेखिने निर्जीव शब्दमै सीमित हुन थालेका छन्।

परम्परागत समाज र अहिलेको समाजमा आकाश-पातालको फरक छ। एउटै गाउँका बुढापाकालाई चिन्दैन अहिलेको पुस्ता। जो एउटै धाराको पानी खान्छन्, तर एकअर्कामा अन्जान छन्। कोभन्दा को कम भन्ने सोच र पहिला को झुक्ने भन्ने घमन्डले गर्दा नै मानिस-मानिसबीच दूरी बढ्दै गएको छ। त्यस्तै, केहीको त यही फेसबुकका कारण घरपरिवार नै तहनसह भएको उदाहरण पनि नभएका होइनन्। कसैले फेसबुकमा राम्रो लाएको, खाएको पोस्ट देखे पनि भित्रभित्रै जलन भएर उसको जस्तै बन्न खोज्दा र त्यस्तै रहर गर्दा धेरैको जिन्दगी जहर भएको छ। फेसबुके रहरले आफ्नो घरपरिवारमा जहर भरिएको भेउ मानिसले पाउन सकिरहेको छैन। न ऊ आफू खुसी छ, न अर्काको प्रगति देखेर चुपचाप बस्न सक्छ। त्यसमा पनि देखासिकी गर्ने बानीले त मान्छेलाई स्वार्थी र मतलबी बनाएको छ। सामाजिक सञ्जालको जञ्जालमा मानिस रुमल्लिरहेको छ।

बिहानै फेसबुकमा जन्मदिनको शुभकाममना दिएको मान्छे दिउँसो भेट भो भने त्यही शुभकामना प्रत्यक्ष दिन सक्दैन। मान्छेमा हुनुपर्ने आत्मीयता, मानवता, दयामाया सबै सामाजिक सञ्जालले नियन्त्रणमा लिइरहेको छ।

फेसबुकको नशाले मानिसलाई यतिसम्म लालायित बनाएको पाइयो कि मानिस आफ्नै जन्म दिने आमाको अवसान हुँदा पनि आमाको लाससँग सेल्फी खिचेर पोस्टाउन भ्याउँछ। आफूलाई जन्मदिने आमा गुमाएको केही क्षण पनि नबित्दै मोबाइलमा रोइलो गर्न सक्छ मान्छे। आमा रहनुभएन, यस्तो हुनुहुन्थ्यो, उस्तो हुनुहुन्थ्यो भनेर टाइप गर्न औंला पनि कसरी दौडिन सकेका! सम्झँदा पनि अचम्म लाग्छ। यसरी संवेदना शून्य हुँदै जाने हो भने एक दिन हामी मान्छे रहँदैनौं, ब्याट्रीबाट चल्ने रोबोटजस्तै हुनेछौं। जसको न मुटु हुन्छ, न माया, न आवेग, न संवेग।

एउटा परिवारमा प्रायः सबैको हातमा मोबाइल हुन्छ। मान्छे परिवारमा भएर पनि एक्लो जीवन बाँच्दै छ। छोराछोरी 'फिलिङ टेन्सन' भनेर फेसबुकमा पोस्ट्याउन भ्याउछन्, तर त्यो टेन्सन के हो आफ्नै परिवारसँग बाँड्न चाहँदैन। यसरी परिवारकै सदस्यहरू पनि एक-अर्कामा अन्जान बन्दै छन्। एक-अर्काको आत्मीयताबाट टाढिँदै छ समाज। पहिला-पहिला एउटा समस्या परेको मान्छेको समस्या समाधान गर्न गाउँ नै एकजुट हुन्थ्यो, तर हिजोआज आफ्नै परिवारबाट पनि सहयोग पाउन मुस्किल छ।

आफ्नै मनमौजीमा रमाएको मानिसलाई पनि सामाजिक सञ्जालले दास बनाइरहेको छ। केही मान्छे केही पल इन्टरनेट भएन भने, फेसबुक चलाउन पाएन भने बेचैन हुनेसम्मको एडिकजस्तै भएका भेटिन्छन्। मानिस आफूले आफैँलाई बुझ्न, र माया गर्न बिर्सेको छ। बिहानै उठेर शारीरिक व्यायाम गर्न अल्छी लाग्छ, तर बेडमा कसले के भन्यो, कसले आफ्नो स्टाटसमा लाइक र कमेन्ट गऱ्यो त्यो हेर्न गज्जबले जाँगर चलाउँछ।

हरेकका आफ्नै फाइदा बेफाइदा छन्। भनिन्छ नि, प्रयोग गर्न जाने अमृत नत्र विष। त्यसैले सामाजिक सञ्जालको मन्द विषले मान्छेलाई खानुहुँदैन। मान्छेले सामाजिक सञ्जाल नियन्त्रणमा राख्ने हो, सामाजिक सञ्जालले मान्छेलाई होइन। त्यसैले यसलाई पनि सीमित समयको लागि महत्त्व दिऊँ, तर जिन्दगी नै यही हो, योविना जीवनमा केही छैन जसरी प्रयोग गर्न उद्वेलित नहोऔँ। तपाईंको वरिपरि यस्ता थुप्रै कुरा हुन सक्छन्, जसले तपाईंलाई मोबाइल, इन्टरनेट र सामाजिक सञ्जालले भन्दा पनि बढी खुसी राख्न सक्छन्। सही समयमा सही कुरालाई महत्त्व दिऔं, आफू पनि रमाऔं अरूलाई पनि खुसी बनाऔं।

सम्बन्धलाई किन्ने कि नकिन्ने ?

स्वार्थ प्रत्येक सम्बन्धमा कुनै न कुनै रूपमा लुकेर बसेको हुन्छ, यसैले कोही व्यक्तिसँग स्वार्थरहित सम्बन्ध मात्रै स्थापित गर्छु भन्नु गलत हो



एजेन्सी

मानिसको जीवनमा पैसाभन्दा ठूलो कुरा सम्बन्ध हो। कसैको यसमा दुईमत नहोला। त्यसैले सम्बन्धलाई जोगाउन पैसा खर्चिनुपर्छ भने खर्चिने कि नखर्चिने ? मलाई लाग्छ, सम्बन्धका लागि व्यक्तिले पैसा खर्चिन सक्नुपर्छ। किनभने प्रायः हामीले सम्बन्ध बिगारेर पैसा कमाएका हुन्छौं। तर, एउटा यस्तो समय आउँछ कि मानिससँग पैसा हुन्छ, तर उसको जीवनमा सम्बन्धको कमी हुन्छ।

सम्बन्ध मानिसलाई खुसी राख्न नभई नहुने कुरा हो। यदि पैसाले कुनै सम्बन्ध बिग्रिनबाट जोगाउन सक्छ भने यो सस्तोको व्यापार हो। अब प्रश्न के आउँछ भने धेरैले भन्छन् कि जुन सम्बन्धमा पैसा प्रमुख कुरा हुन्छ, त्यो स्वार्थको सम्बन्ध हो। त्यस्तो सम्बन्धचाहिँ धेरै दिन टिक्दैन।

यदि त्यो सम्बन्धमा आफ्नो लाभ भएन भने त्यस्ता व्यक्ति छोडेर जान्छन्, यो कुरा पनि शतप्रतिशत सही हो, किनभने उसलाई लाभ हुने वेलासम्म मसँग सम्बन्ध बनाउँछ, मेरो प्रिय हुन्छ, जब मबाट उसको लाभ सकिन्छ, अनि म उसको अप्रिय हुन्छु। त्यसैले यस्तो सम्बन्धको के काम ? यो पनि एउटा राम्रो तर्क हो, त्यसलाई हामीले गलत भन्न मिल्दैन।

तर, मेरो बुझाइमा संसारमा थोरै यस्ता सम्बन्ध पनि हुन्छन्, जसमा मानिसको कुनै स्वार्थ गाँसिएको हुँदैन। मेरो अनुभवमा स्वार्थ नभएको एक-दुइटा मात्र सम्बन्ध हुन्छन्, त्यसमध्ये आमा र बच्चाको सम्बन्ध स्वार्थ नभएको सम्बन्ध हो, तर अधिकांश सम्बन्धमा स्वार्थ अप्रत्यक्ष भएको पाइन्छ।

स्वार्थ भनेको पैसाको होस् वा अरू कुराको होस्, स्वार्थ त रहन्छ। त्यसैले पैसाको खेल त छ। तपाईं प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हेर्नोस्, पैसाको खेल सम्बन्धमा भएको पाउनुहुन्छ। सम्बन्धको एउटा बलियो स्तम्भको रूपमा पैसाले आफ्नो ठाउँ ओगटेको देखिन्छ। त्यसैले, अपवादबाहेक पैसाविनाको सम्बन्ध आधुनिक संसारमा आशा गर्न कठिन छ भन्नु गलत नहोला।

अब बुझ्नुपर्ने कुरा के छ भने तपाईं कस्तो सम्बन्ध चाहनुहुन्छ ? स्वार्थरहित र दीर्घकालीन सम्बन्ध सबैको आकांक्षा हो, तर कलियुगमा यो सम्भव छैन।

म पढ्दाको कुरा हो। एकपल्ट एकजना आफन्तको घर जाँदा काकी पर्नेले भन्नुभयो, 'तपाईं त काम परेका वेला मात्र आउनुहुन्छ, अरू वेला त आउनुहुन्न।' मलाई उनको त्यो कुराबाट चित्त दुखेको थियो। तर, अहिले त्यो कुरा सम्झँदा नराम्रो लाग्दैन। उहाँले नबुझेर त्यस्तो भनेकोजस्तो लाग्छ। कोही व्यक्ति काम परेका वेला मात्रै आए पनि के बिग्रियो त ?

भगवान्ले तपाईंलाई अरूको सहायता, मद्दत वा सहयोग गर्ने योग्य बनाउनुभएको छ। यो त तपाईंका लागि खुसीको कुरा हो। गर्वको कुरा हो। तपाईं भाग्यशाली हुनुहुन्छ, त्यो व्यक्तिको ठाउँमा तपाईं स्वयं पनि हुन सक्नुहुथ्यो। त्यसो भए तपाईंलाई अहिलेकै अवस्था नै प्रिय लाग्ने होइन र ?

तपाईंसँग माग्नका लागि मात्र कोही व्यक्ति आयो, तपाईं यसमा त भन् खुसी हुनु सक्नुपर्छ।

त्यस्तै एकपटक एकजना मित्रको फोनमा सम्पर्क नहुँदा 'किन मोबाइल स्विच अफ गर्नुभएको होला ?' भनेर सोधेँ। उनले 'डाक्टर साहेब, मानिसहरू फोन गरेर असाध्यै डिस्टर्ब गर्न थाले। कसैलाई के कसैलाई के सहयोग चाहियो भन्छन्,' भने। अनि मैले उहाँलाई उल्लिखित कुरा स्मरण गराएँ। हामी अरूलाई मद्दत गर्न सक्ने अवस्थामा हुनुको अर्थ यो होइन कि अरूले मसँग स्वार्थका लागि मात्रै सम्बन्ध बनाउँछन्। त्यसरी बुझ्नुको सट्टा उसलाई मैले मद्दत गर्न सक्ने अवस्थालाई बुझ्ने प्रयास गर्नुपर्ने रहेछ।

स्वार्थ प्रत्येक सम्बन्धमा कुनै न कुनै रूपमा लुकेर बसेको हुन्छ। यसैले कोही व्यक्तिसँग स्वार्थरहित सम्बन्ध मात्रै स्थापित गर्छु भन्नु गलत हो। स्वार्थ पूर्तिकै लागि भए पनि कोही व्यक्ति मसँग याचक बनेर वा अप्रत्यक्ष रूपमै लाभ लिन खोजेको मलाई ज्ञात भयो भने म यसलाई नकारात्मक रूपमा नलिने सोच बनाएको छु। अर्थात्, त्यो व्यक्तिसँगको सम्बन्ध मैले केही अर्थ वा सम्पत्ति खर्चेर भए पनि स्थापित गर्न प्रयास गर्छु।

त्यसको बदलामा उसले मलाई आफ्नो समय र साथ त दिन्छ, जुन मेरा लागि पैसाभन्दा ठूलो हो भने मैले यो सम्बन्ध पैसा खर्चेर पनि गर्न सक्ने मनस्थिति बनाउन सक्नुपर्छ।

मूर्ख र ज्ञानी, साना र ठूला, मित्रदेखि शत्रुसम्म सबैमा केही न केही कुराका लागि स्वार्थले प्रेरित भएर सम्बन्ध स्थापित गरेका हुन्छन्। र, यो स्वार्थ मानवमा मात्र होइन, देवतामा पनि भएको पाइन्छ। त्यसैले होला गोस्वामी तुलसीदासकृत राम चरित्र मानसमा पनि मित्रतामा स्वार्थ लुकेको कुरा वर्णित छ। यो त त्रेतायुगको कुरा हो।

त्रेतायुगमा तुलसीदास राम चरित्र मानसमा लेख्नुहुन्छ- सुर नर मुनि सब के यह रीति। स्वार्थ लागि करहिं सब प्रीति।

आजको आधुनिक संसारमा विनास्वार्थ सम्बन्धको कल्पनासमेत गर्नु गलत होला। अझ यसरी बुझे पनि हुन्छ कि आजको युगमा यदि स्वार्थरहित कुनै सम्बन्ध रहेछ भने शंकाको विषय हुने अनुमान गरे गलत नहोला।

यस अर्थ सम्बन्धमा स्वार्थलाई सामान्य ठानेर हामीले आफ्नो जीवनलाई अगाडि बढाउन सक्नुपर्छ। यसले जीवन सहज र सरल हुने मेरो विश्वास छ।

सबैजनाले आफ्नो स्वार्थका लागि मित्रता गाँस्छन्, यसमा समस्या के छ ? पैसाकै लागि मित्रता गरे पनि के छ ? मित्रता त होस्। अब एउटा कुरा विचार गरम् कुन सम्बन्ध अटल छ त ? कुन सम्बन्ध दीर्घकालीन छ ? कुन सम्बन्ध टुट्दैन ? कुन सम्बन्ध बिग्रिँदैन ? कुन सम्बन्धको आयु छैन ? कुन सम्बन्धको अन्त्य छैन ?

कुरा त समयको मात्र हो। कुनै सम्बन्ध दुई-चार मिनेटको हुन्छ, कुनै दुई-चार वर्षको हुन्छ भने कुनै दुई-चार दशकको हुन सक्छ। केही त्यस्ता मात्र सम्बन्ध हुन्छन्, जुन भावनात्मक रूपले जोडिएका हुन्छन् र त्यस्ता सम्बन्ध अमर रहन्छन्। मानिसको शेषपछि पनि त्यो सम्बन्ध कायम रहन्छ, उसको मन-मस्तिष्कमा।

हो, त्यस्तो आजभोलि मिल्दैन। त्यसैले तपाईं यो सम्बन्ध पाउने चक्करमा यो सानो-सानो सम्बन्धलाई किन गुमाउने त ? यो सानो-सानो सम्बन्धलाई पनि हुन दिनुहोस्, रहन दिनुहोस्। जीवनमा यसको पनि प्रयोग छ, यसको पनि मूल्य छ, आवश्यकता छ।

तपाईंलाई थाहा छ कि यो व्यक्ति मसँग उसको लाभका लागि जोडिएको हो। ठिक छ, जोडिएको त छ नि, जोडिन दिनुस्, जुन दिन उसलाई छुट्न मन लाग्छ छुट्टिन्छ। तर, ऊसँगको यति दिनको सम्बन्धसँग त रमाउनोस्।



डा. ओममूर्ति अनिल
चिन्तन

तपाईंलाई थाहा छ कि यो व्यक्ति मसँग उसको लाभका लागि जोडिएको हो। ठीक छ, जोडिएको त छ नि, जोडिन दिनुस्, जुन दिन उसलाई छुट्न मन लाग्छ छुट्टिन्छ। तर, ऊसँगको यति दिनको सम्बन्धसँग त रमाउनोस्।

नारी संवेदनाका सुललित कथा


प्रतीक्षाले सहर्ष आत्मसात् गरेको महसुस हुन्छ। कल्पनाशीलता बेजोड भए पनि वैचारिक पक्ष भने त्यति सबल रूपमा आउन सकेको छैन। बौद्धिकभन्दा सामान्य पाठकले उनका कथालाई बढी रुचाउनेछन्। बौद्धिक पाठकले कल्पनाशीलतासँगै वैचारिक पक्ष, लेखनमा नवीन कथ्यशिल्प र नवीन प्रयोग खोज्ने हुँदा त्यसखाले पाठकलाई यो कथासंग्रह त्यति रुचिकर नलाग्न पनि सक्छ।

'यमदूतको आत्मसमर्पण' भित्र सहरका भन्दा गाउँका कथा धेरै छन्। सम्भ्रान्तका भन्दा गरिबका कथा धेरै छन्। जीवनसंघर्षमा होमिएका पात्रका कथा छन्। जीवनमा सफल हुने सपना देख्नेहरूका कथा छन्। गरिबी र अभावबाट मुक्ति चाहने स्वप्नजीवीका कथा छन्। कोरोनापीडितका कथा छन्। जनयुद्धप्रति बढ्दै गएको नकारात्मक भाष्यका कथा छन्। यौनिक भोकतृप्तिका लागि वैवाहिक सम्बन्धलाई नै दाउमा राख्ने पात्रका कथा छन्। सशस्त्र द्वन्द्वबाट प्रताडित पात्रका कथा छन्। कहिल्यै नसुध्रिने पात्रलाई कोरोनाले सुधारेका कथा पनि छन्। अझै केही शासकपात्र नसुध्रिएको गुनासो पनि कथामा आएका छन्। कथा पढ्दै गर्दा आफ्नै वरिपरिका घटना चलचित्रका फेरिँदै जाने दृश्यजस्तै आँखा वरिपरि घुम्न थाल्छन्।

संग्रहको एउटा उल्लेख्य कथा हो 'यमदूतको आत्मसमर्पण'। यो कथा वास्तवमै संग्रहकै एक उत्कृष्ट कथा भन्न सकिन्छ। यो कथा मानवीय संवेदनाले भरिएको अत्यन्तै भावुक र हृदयस्पर्शी छ। कथामा अन्योक्तिको प्रयोगद्वारा विषयको मूलभाव सम्प्रेषण गरेको डा. दयाराम श्रेष्ठले आफ्नो मन्तव्यमा उल्लेख गरेका छन्। कथाको प्रस्तुति निकै रोचक छ। कथामा नारीको जीवन र उसको कर्मको महत्त्वलाई दर्साउने प्रयत्न गरिएको छ।

संग्रहको एउटा अर्को उल्लेख्य कथा हो 'आस्थाको भग्नावशेषबाट'। जनयुद्ध जनआन्दोलन प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि गरिएको भनिएको थियो, त्यो त झुटो रहेछ भन्ने भाष्यको निर्माण हुँदै गएको संकेत यो कथाले गरेको छ।

कथाकार साधना प्रतीक्षाका भिन्न कथामा भिन्न कथानक र भिन्न सन्देश पाउन सकिन्छ। 'अधुरो सपना'मा सुखी भविष्यको आशामा सन्तानको जीवन अपरिचित साहुको घरमा बन्धकी राख्न विवश अभिभावकको विवशता र पीडा छ। 'वर्तमानको नियति' कथामा जनयुद्धलाई निरर्थक युद्धको रूपमा परिभाषित गर्न खोजिएको छ।



'यमदूतको आत्मसमर्पण'भित्र सहरका भन्दा गाउँका कथा धेरै छन्। सम्भ्रान्तका भन्दा गरिबका कथा धेरै छन्। जीवनसंघर्षमा होमिएका पात्रका कथा छन्। जीवनमा सफल हुने सपना देख्नेहरूका कथा छन्।

जनताको मत र विश्वास लिएर जनतालाई चाहिँ कहिल्यै केही नदिने बैगुनी, कृतघ्न र कर्तव्यच्यूत नेताप्रति घृणा, आक्रोश र विद्रोह पोखिएको छ 'अहँ, म दिन्नँ' कथामा।

अर्को समयसान्दर्भिक कथा हो 'मेरो सपनाको देश'। कथामा संघीयताप्रति वितृष्णाभाव व्यक्त भएको छ। संघीयताको आवश्यकता र यसको औचित्यमाथि प्रश्न उठाइएको छ। राजनीतिक पृष्ठभूमिको यो कथामा राजनीतिले राष्ट्रियतालाई समेत विखण्डन गर्न खोजेको अभिप्रायः आएको छ।

वैदेशिक रोजगारीका कारण दिन-प्रतिदिन बढ्दै गएको वर्तमानको एउटा अहं सामाजिक समस्यालाई उठान गरिएको मार्मिक कथा हो, 'दोषी को ?' विवाहपश्चात् पुरुष वा महिला रोजगारीका लागि बिदेसिँदा पारिवारिक विखण्डन बढिरहेको यथार्थ कथाले देखाएको छ। यसमा दोष व्यक्तिको मात्रै होइन, हाम्रो समाज, समय, परिवेश र परिस्थितिको पनि छ। सबैभन्दा बढी दोष निकम्मा राज्यव्यवस्थाको छ। त्यही निकम्मापनले युवाजति रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता आइलागेको छ।

'सपना र यथार्थ' कथामा देशको एउटा तीतो यथार्थ छ। राजनीतिमा युवालाई कसरी प्रयोग गरिन्छ र अन्त्यमा कसरी पन्छाइन्छ भन्ने यथार्थको चित्रणले पाठकको मनमा चिन्ता, आक्रोश र निराशा पनि उत्पन्न गराउँछ। राजनीतिमा युवालाई प्रयोग गरेर नेताहरूले सफलताको भऱ्याङ चढ्ने र माथि पुगिसकेपछि तिनै युवाको योगदानलाई चटक्कै बिर्सिने बैगुनी स्वभावको चित्रण कथामा राम्रोसँग गरिएको छ।

कथाकार साधाना प्रतीक्षाका कथामा उग्र भावना छैनन्। अराजक आक्रोश पनि छैन। पाठकलाई उत्तेजित पार्ने र जुरुक्क उचाल्ने विद्रोहीभाव पनि छैनन्। जे छन्, नम्र छन्, शालीन छन् र सुकोमल छन्।

दमदार भन्नुपर्ने कथाहरू छैनन्। कथाहरू साह्रै कमजोर पनि छैनन्। सबै कथा औसत खालका छन्, न उत्कृष्ट न निकृष्ट। परम्परागत शैली र रैखिक ढाँचामा लेखिएका कथा अत्यन्त बोधगम्य छन्। सरल भाषाशैली र सहज प्रवाहले कथापठन सुखद र आनन्ददायी हुनेमा कुनै सन्देह छैन।

अब मलाई कहीं पुग्नु छैन

■ **लोकेन्द्रबहादुर चन्द**, पूर्वप्रधानमन्त्री



■ चारपटक प्रधानमन्त्री भएका लोकेन्द्रबहादुर चन्द भन्छन्- **जीवनमा जति पाएँ, त्यति ठीक छ। अब दुई-चार महाद्वीपकै प्रधानमन्त्री बनाइदिने प्रस्ताव आए पनि पर्दैन भन्छु।**



अनिल यादव
aniljournalist2067@gmail.com

रिटायर्ड लाइफ

जसरी अहिले प्रधानमन्त्री पुष्पकमल दाहालको बालुवाटार र खुमलटार, कांग्रेस सभापति शेरबहादुर देउवाको धुम्बाराही र एमाले अध्यक्ष केपी शर्मा ओलीको बालकोट निवास राजनीतिक चहलपहल र निर्णयका प्रमुख केन्द्रका रूपमा परिचित छन्, कुनै वेला लोकेन्द्रबहादुर चन्दको भक्तपुर, लोकन्थलीस्थित पुरानो हबेली त्यस्तै शक्तिकेन्द्र थियो ।

चारपटक देशको प्रधानमन्त्री भइसकेका चन्दलाई नेता-कार्यकर्ता भेटघाट गर्न भ्याइनभ्याई हुन्थ्यो । समय यस्तो पनि थियो, उनको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई हबेलीको गेट खोल्न र बन्द गर्न चटारो हुन्थ्यो ।

तर, समय बदलिएको छ । चन्दको त्यही हबेली अहिले शान्त छ, सत्ता-शक्तिको चलखेल र राजनीतिक खिचातानीबाट धेरै टाढा कतै सुनसान छ । त्यसैले त पूर्वप्रधानमन्त्रीको सुरक्षामा उभिने गेटका सुरक्षाकर्मीलाई पनि आराम छ । एकातिर रङ खुइलिँदै गएका भित्ताहरू, अर्कोतिर ८४ पार गर्ने लागेका चन्दलाई हेर्दा लाग्छ, उनी र उनको हबेली दुवै अहिले आफ्नो जीवनको उत्तरार्द्धसँगसँगै हिँडिरहेका छन् ।

सत्ता र शक्तिको मोहबाट बिल्कुलै टाढा छन् । साढे तीन तलाको पुरानो हबेलीमा एउटा तलादेखि अर्को तलासम्म मुस्किलले ओहोरदोहोर गर्छन् । घाँटी र कम्मरको समस्याका कारण पछिल्लो एक महिनायता वीर हस्पिटल उनको नियमित सेड्युल बनेको छ । बिहान १० बजेदेखि दिउँसोको १ बजेसम्म 'स्ट्रिचिङ' गर्न उनी हस्पिटल पुग्छन् । एक वर्षअघिसम्म हरेक बिहान सुरक्षागार्ड लिएर मर्निङ वाकमा निस्कने उनी अचेल कोठाभित्रै बिहान-बेलुका व्यायाम गर्छन् । हरेक दिउँसो ३ बजेपछि कोठाभित्रै व्यायाम र 'साइक्लिङ' गर्छन् । त्यसपछि बचेको समय भेटघाट र अध्ययनमा दिन्छन् ।

'अचेल मेरो साथी भनेकै तपाईंहरूजस्तो भेटघाट गर्न आउने मान्छेहरू हुन्,' श्रीमतीसहित पुरानो हबेलीमा आफ्नो राजनीतिबाट रिटायर्ड जीवन बिताइरहेका चन्दले भने, 'त्यसबाहेक व्यायाम, पुस्तक मेरो समय कटाउने साथी हुन् । जीवनको यो स्वाभाविक प्रक्रिया हो । यसपछि मृत्यु पनि स्वाभाविक हो । त्यसैले समय बिताउन मलाई गाह्रो छैन ।' चन्दका चार छोरा र तीन छोरी छन् । तर, उक्त हबेलीमा १० जना सुरक्षाकर्मी र उनका केही सहयोगी मात्रै बस्छन् ।'

'चारपटक प्रधानमन्त्रीको कुर्सीमा पुगेको मान्छे, मनमा कहींकतै त्यसको मोह अझै बाँकी होला नि ?'

यस्तो जिज्ञासाको चन्द सशक्त प्रतिकार गर्छन् । 'मलाई अब कहीं पुग्नु छैन, केही चाहियो भन्ने पनि छैन,' उनले भने, 'जीवनमा जति पाएँ, त्यति ठिक छ । अब त दुई-चार महाद्वीपकै प्रधानमन्त्री बनाइदिने प्रस्ताव आए पनि म हात जोडेर 'पर्दैन क्षमा गरिदिनुस्' भन्छु । उमेर पाको भयो । अब जिम्मेवारी लिएर मात्रै हुँदैन, सञ्चालन गर्न सक्नुपर्ने हुन्छ ।'

'राजाको निगाहले प्रधानमन्त्री'

चन्दका लागि राजनीति र प्रधानमन्त्री हिँड्दाहिँड्दै बनेको नयाँ बाटो हो । ०२६-२७ सालतिर सर्वोच्च अदालतबाट वकालतको लाइसेन्स लिएर बैतडी हानिएका थिए, वकालत गर्न । तर, त्यहींबाट उनको करिअर राजनीतितिर मोडियो ।

त्यतिखेर पञ्चायत सदस्य भएका वकिलहरूको कर्मचारीमाझ राम्रो प्रभाव हुन्थ्यो । त्यही प्रभाव हात पार्न चन्द जिल्लासभाको सदस्य भए । त्यसपछि ०२७ सालतिर बैतडी जिल्ला पञ्चायतको सभापतिको चुनाव भयो । चन्दका अनुसार चाहँदा-नचाहँदै साथीहरूको दबाबले सभापतिको चुनाव लडे, निर्वाचित पनि भए । त्यसैगरी ०२८ सालमा अञ्चल सभापति र ०२९ सालमा राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित भए । राष्ट्रिय पञ्चायतमा जितेपछि काठमाडौं फर्किएका उनी त्यसको करिब एक वर्षपछि राष्ट्रिय पञ्चायतको उपाध्यक्षमा लडे । त्यो चुनावमा पनि त्यतिखेरका चर्चित नेता मरिचमान श्रेष्ठलाई एक मतले पराजित गर्दै उनी निर्वाचित भए ।

यसरी वकालतबाट राजनीतितिर होमिएका चन्द ०४०, ०४६, ०५३ र ०५८ साल गरेर चारपटक प्रधानमन्त्री भए । भलै प्रधानमन्त्रीमा पछिल्ला कार्यकाल लामो र सुखद हुन सकेनन् ।

'राजनीतिमा मेरो रुचि भए पनि सोझै हामफाल्ने पक्षमा थिइनँ,' चन्द सम्झन्छन्, 'तर, साथीहरूको दबाबले पञ्चायती व्यवस्थाभित्र आएर सभापति भएँ । हुँदै जाँदा चारपटक देशको प्रधानमन्त्रीको जिम्मेवारी आइलाग्यो । तर, मैले प्रधानमन्त्री बनाइदिनुपऱ्यो भनेर कहिल्यै दौडधुप गरिनँ । न दरबार धाएँ, न कतै प्रधानमन्त्री बनाइदिनुपऱ्यो भन्दै गएँ । जति भएँ, जनताको आशीर्वाद र राजाको निगाहाले भएँ ।'

०४० सालमा चन्द पहिलोपटक प्रधानमन्त्री हुनुअघि सूर्यबहादुर थापा प्रधानमन्त्री थिए । तर, त्यतिवेला पञ्चायतभित्र पनि विरोधका स्वर बढेका थिए । थापाको विपक्षमा मत बढ्दै थियो । विरोधको आगो दन्किएपछि अविश्वास प्रस्ताव लगेर थापालाई प्रधानमन्त्रीबाट हटाइयो । त्यसपछि आफू सबैको समर्थनमा पहिलोपटक प्रधानमन्त्री बन्ने अवसर पाएको चन्द बताउँछन् । प्रधानमन्त्रीमा उनको पहिलो कार्यकाल ९८३ दिनको भयो ।

त्यसपछि ०४६ सालमा फेरि उनलाई प्रधानमन्त्री बन्ने अवसर जुऱ्यो, तर १६ दिनको मात्रै । त्यसवेला निर्दलीय भन्ने एउटा दफाबाहेक अरू पञ्चायतको संविधान थियो । त्यो संविधानअन्तर्गत नै अन्तरिम संविधान गठन भएको थियो । कुनै समस्या परेका वेला राजाले जुनसुकै व्यक्तिको अध्यक्षतामा पनि निश्चित काम सुम्पेर सरकार गठन गर्न सक्ने संविधानमा व्यवस्था थियो । त्यो सरकारको अवधि बढीमा तीन महिना मात्रै हुन सक्थ्यो वा दिएको काम पूरा भएको दिनसम्म मात्रै त्यसको म्याद रहन्थ्यो ।

काग्रेस र वाममोर्चा सहभागी ०४६ सालको आन्दोलन मत्थर गर्न यही संवैधानिक व्यवस्थाको उपयोग गर्दै त्यतिवेला तत्कालीन राजा वीरेन्द्रले चन्दलाई दोस्रोपटक प्रधानमन्त्री बनाएको उनी सम्झन्छन् । 'आन्दोलनको समयमा म सिनियरलाई सहयोग गर्छु भन्ने पक्षमा थिएँ, आफैं प्रधानमन्त्री बन्ने लाइनमा थिइनँ,' चन्दले सम्झिएँ, 'तर, अरू नबस्नेजस्तो छाँट देखियो । राजाले मलाई तिमी पनि नबस्ने भनेर भनेपछि मेरो चित्त दुख्यो । र, म फेरि प्रधानमन्त्री भएँ । त्यो आन्दोलनका वेला मान्छेहरू हुनुभन्दा नहुनु ठिक भन्थे । तर, म भएँ ।'

आन्दोलनकारीसँग वार्ता गरेर शान्ति कायम गर्ने राजाको मनसायअनुसार चन्दलाई त्यतिवेला वार्ता गर्ने जिम्मेवारी दिइएको थियो । आन्दोलनकारीसँग वार्ता गर्न गएका चन्दलाई राजाका दुई प्रश्न थिए- पहिलो, उनीहरूलाई यो मुलुक चाहिएको हो कि होइन ? दोस्रो, मुलुकको सार्वभौमिकता र स्वतन्त्रता चाहिएको हो कि होइन ? चन्दका अनुसार दुवै चाहिएको अवस्थामा उनीहरूको माग पूरा गर्न तत्कालीन राजा तयार थिए ।

'आन्दोलनकारीसँग कुरा गर्न राजाले बक्सेको जिम्मेवारीअनुसार मैले वार्ता प्रक्रिया अघि बढाएँ ,' चन्दले भने, 'मुलुक स्वतन्त्र होस्' र 'सार्वभौम सत्ता चाहन्छौं' भनेर आन्दोलनकारीले भनेपछि वार्ता सफल भयो । जिम्मेवारी पूरा भएलगत्तै १६ दिनमै म प्रधानमन्त्री पदबाट बिदा भएँ ।'

त्यसपछि ०५३ साल फागुन २६ मा शेरबहादुर देउवाको सरकार ढलेपछि चन्दलाई फेरि प्रधानमन्त्रीको अवसर जुऱ्यो । देउवा सरकार ढलेको भोलिपल्टै चन्दले एमालेको समर्थनमा सरकार बनाएका थिए । चन्द र एमालेको गठबन्धन भएका कारण त्यतिवेला उनको सरकारलाई कतिपयले 'चमाले' गठबन्धन पनि भन्थे ।

प्रधानमन्त्रीको तेस्रो कार्यकालबाट पनि उनको बहिर्गमन सुखद मानिँदैन । तर, त्यही वेला उनको मुखबाट फुत्किएको 'मुसा प्रवृत्ति'को राजनीति वृत्तमा अझै चर्चा हुन्छ । त्यसवेला चन्दको सरकारले दुई चरणमा स्थानीय निकायको र त्यसपछि जिल्ला विकास समितिका पदाधिकारीको निर्वाचन गराएको थियो । तर, सरकारमै सहभागी भएका उनकै पार्टी राप्रपाका केही मन्त्री कमल थापालगायतले उनीविरुद्ध अविश्वासको प्रस्ताव ल्याए । आफूनै पार्टीका मन्त्रीको व्यवहारबाट रुष्ट चन्दले त्यतिवेला उनीहरूलाई नै इंगित गर्दै भनेका थिए, 'यो त मुसा प्रवृत्ति भयो ।'

'मैले त्यतिवेला एकजनालाई होइन, सबैलाई भनेको हो,' पुरानो हबेलीको पुरानो कुर्सीमा बसेका चन्द सम्झन्छन्, 'देशको झन्डा बोकेर संसद्मा गयो, तर भोटचाहिँ विपक्षमा दिएपछि भनेको हो । मैले व्यक्तिलाई भन्दा पनि प्रवृत्तिलाई भनेको हुँ ।' आफूनै मन्त्रीहरूले अविश्वास गरेपछि चन्दले त्यतिवेला २०५४ असोज १८ गते प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए ।

०५९ असोज २५ मा चन्द चौथोपटक देशको प्रधानमन्त्री भए । त्यतिवेला तत्कालीन राजा ज्ञानेन्द्रले निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न अक्षम भनेर तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई पदबाट मुक्त गरेका थिए । त्यहीवेला सशस्त्र द्वन्द्वमा रहेको माओवादीलाई शान्ति-प्रक्रियामा ल्याउन भनेर आफूलाई राजा ज्ञानेन्द्रले प्रधानमन्त्री बनाएको चन्द बताउँछन् । 'चौथोपटक राजा ज्ञानेन्द्रले मलाई माओवादी समस्या मिलाउनू भनेर प्रधानमन्त्री बनाएका हुन्,' उनले भने, 'माओवादीसँग संवाद पनि गरियो । तर, आधा मात्रै सफल भइयो । वार्ता चलिरहेको थियो, तर ठूला दललाई नसमेटी सम्भव देखिएन । मैले राजालाई भनैं- जति पनि ठूला दल थिए, अब यिनीहरूलाई नदिईकन यो कुरा मिल्दैन । त्यसैले पार्टीकै कुनै मान्छेलाई प्रधानमन्त्री बक्सिनुपऱ्यो । त्यसपछि ६० साल जेठ २२ मा मैले छुट्टी पाएँ, तर राजाले अन्य दलबाट होइन, राप्रपाकै सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउनुभयो ।'

त्यसपछि वार्ता बिथोलिएको चन्दको बुझाइ छ । 'थापा प्रधानमन्त्री भएपछि माओवादीसँग एकपटकबाहेक अरू वार्ता बसेन । द्वन्द्व रोकिएन,' उनले भने । चन्दको अनुभवमा प्रधानमन्त्रीको कुर्सी बाहिरबाट देखेजस्तो सहज छैन । 'बिहानदेखि रातिसम्म लगातार काम गर्नुपर्छ,' उनी फिस्स हाँस्दै भन्छन्, 'आराम गर्ने पाईंदैन । बाहिरबाट देखेर हामी प्रधानमन्त्री हुन पाए हुन्थ्यो भन्छौं । तर, त्यहाँ पुगेपछि के-के हुन्छ, मलाई थाहा छ । आफ्नो समय भन्ने नै हुँदैन । त्यसमाथि अनेक माग लिएर आउने मान्छेहरू । पूरा गर्न सकिएन भने उनीहरूको त्यो रिस । त्यसैले आनन्द छैन प्रधानमन्त्रीलाई । सबैले त्यो पीडा भोग्नैपर्छ । तैपनि जानी-जानी यसलाई ओगट्छन्, अचम्मको छ यो पद ।'

टुटफुट राप्रपाको नियति

चन्द टुटफुट राप्रपाको नियति ठान्छन् । दोस्रो तलामा बरन्डामा बसेर हामीसँग गफिएका चन्दकै छेउमा पुस्तकहरूको थाक थियो । त्यहीमाथि भित्तामा एक पत्रिकाको कटिङ फ्रेमिङ गरेर राखिएको छ, जहाँ लेखिएको छ- 'म नै राप्रपाको वैधानिक अध्यक्ष हुँ ।'

'त्यो सूर्यबहादुर थापापछि मेरो पालो थियो । तर, उनले सिधै पशुपतिशमशेरलाई बनाउन खोजे । त्यही द्वन्द्वका क्रममा मैले दिएको इन्टरभ्यु हो यो ।'

पटक-पटक राप्रपा टुटफुट भइरहनु दुर्भाग्य भएको बताउँछन् उनी । 'पशुपति शमशेर, प्रकाशचन्द्र लोहनी र कमल थापाले तीन अलग-अलग पार्टी बनाएपछि बीचमा एक वर्षका लागि म अध्यक्ष हुँदा मिलाएको पनि हुँ,' उनले भने, 'मिलेर बस्नुस्, म एक्टिभ छैन । म बरु ठुल्ठूलो कार्यक्रममा आउँला, तपाईंहरू मिलेर आउनुस् भनेर मिलाएको थिएँ । तर, पछि फेरि फुटे ।'

राप्रपा महाधिवेशनमा अध्यक्ष पदमा राजेन्द्र लिडदेनसँग हारेपछि कमल थापालाई पार्टीबाट अलग हुन नदिन पनि आफूले सक्दो प्रयास गरेको चन्द सम्झन्छन् । 'के गर्ने, त्यस्तै परिस्थिति आउँछ त,' निराशामिश्रित भावमा उनी भन्छन्, 'मैले कमल थापालाई यहीं बस्नुस् भनेर जोड गरेको हुँ । तर, उनले मलाई तीन-चार दिनमा निर्णय गर्छु भनेर उता मकवानपुर गएर राजीनामा पो दिए । तर, एउटै विचार बोक्नेहरू सधैं सँगै बस्नुपर्छ भन्ने मेरो मनमा थियो, अहिले पनि छ ।'

गीताको कसम खाएर पार्टी फुटाउँदिनँ भनेका थापाले राप्रपाबाट अलग्गिएर राप्रपा नेपाल ब्युँताए पनि राजसंस्थाको एजेन्डा फर्किएकोमा भने चन्द खुसी छन् ।

'उहाँले गल्ती सुधार गरेर पुरानो ठाउँमा आउनु ठिकै हो,' उनले भने, 'संवैधानिक राजतन्त्रको मुद्दा उठाउनेहरू सबै एक ठाउँमा आउनुपर्छ । सके पार्टी एकता, नसके कार्यगत एकता भए पनि गर्न भनेर मैले पहल गरिरहेको छु ।'

आफूनो एजेन्डा भुलेर राप्रपा सत्ता लिप्त भएको भने चन्दलाई मन परेको छैन । हरेक बिहान अखबार पढ्ने उनलाई राप्रपा सरकारमा जाने तयारीमा छ भन्दा बेस्सरी बिझाउँछ । 'मेरो सल्लाह लिने उनीहरूसँग फुर्सद भएन,' चन्दको गुनासोमिश्रत सुझाव छ, 'नत्र म त जानुहुँदैन भन्थें । पहिले कमल थापा सरकारमा जाने वेला पनि यहाँ आउनुभएको थियो । मैले नजानुस् भनेको हुँ । तर, उपप्रधानमन्त्री दिने वचन पक्का छ भन्नुभयो । सरकारमा गए पनि हाम्रो लाइन यो हो र त्यसबाट विचलित हुनेछैन भनेर एउटा वक्तव्य निकाल्न सुझाएँ । तैपनि जनताले उनलाई पत्याएनन् । उनको जुन क्रेज थियो, त्यसपछि घट्यो ।'

देशमा अहिले भइरहेको नक्कली शरणार्थी, ललितानिवासदेखि सुन तस्करी प्रकरण र त्यसमा नेताको संलग्नतासम्बन्धी भ्रष्टाचारका काण्डबारे अखबारबाटै जानकारी लिइरहेका छन् चन्द । तर, नेताहरू पक्राउले मात्रै भ्रष्टाचार निर्मूल नहुने उनको तर्क छ । 'यसका लागि यो मुलुकको वातावरण परिवर्तन हुनुपर्छ,' उनले भने, 'जहाँसम्म राजनीतिक भ्रष्टाचारको कुरा छ, त्यो निर्मूल गर्नका लागि निष्पक्ष र धाँधलीरहित चुनाव महत्त्वपूर्ण हो । चुनाव गर्दा करोडौं खर्च गर्नुपर्ने, अनि सरकारमा गएपछि भ्रष्टाचार नभएर के हुन्छ । मूल जरो नै सुधानुपर्छ ।'

यही क्रममा उनले बहुदलीय व्यवस्था आएपछि तत्कालीन राजा वीरेन्द्रसँग भएको एउटा भेट सम्झिए । त्यतिवेला उनले राजालाई भनेका थिए, 'यी दुःख पाएका ठुल्ठूला नेताले सरकार राम्ररी चलाउँछन् भन्ने लागेको थियो, तर केही गर्न सकेका छैनन् ।'

चन्दका अनुसार त्यतिवेला जवाफमा वीरेन्द्रले भने, 'हो, मलाई पनि त्यही लाग्या थियो । तर, यही व्यवस्था र संवैधानिक राजतन्त्र मज्जाले चलाउन सकिन्छ । तर, त्यसका लागि संवैधानिक निकाय निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायालय सबै निष्पक्ष हुनुपर्छ ।'

अहिले पनि चन्दलाई त्यही लाग्छ । भन्छन्, 'संवैधानिक निकाय निष्पक्ष भए भने भ्रष्टाचार हुँदैन र जनताको बीचमा राजनीतिज्ञप्रति गुमेको जनताको विश्वास पनि बढ्छ । त्यसपछि इमानदार मान्छे निर्वाचित भएर सरकारमा आउने अवस्था सिर्जना हुन्छ ।'

अन्तिम उपन्यास लेख्ने धोको

'विसर्जन' कथासंग्रहबाट मदन पुरस्कारसमेत जितेका चन्दको साहित्यमा बिछट्टै लगाव छ । उनी पटक-पटक भन्ने गर्छन्- राजनीतिमा नगएको भए साहित्यमै पहिचान बनाउँथें । पुरानो हबेलीभित्र राजनीतिक क्रियाकलाप रोकियो होला, तर लेख्ने-पढ्ने रफ्तार रोकिएको छैन । महिलाको कथा 'अपराजिता' उपन्यास लेखिसकेका छन्, जुन प्रेसमा छापिने क्रममा छ । 'यसमा साधारणस्तरबाट माथि उन्नति गर्ने महिलाको कथा छ । सकेछु भने अर्को एउटा उपन्यास लेखौं भन्ने लाग्या छ,' उनी आफ्नो अन्तिम चाहना सुनाउँछन् ।

उनको हबेलीमा अहिले नेताहरू पनि खासै भेट्न आएका छैनन् । फुर्सदका वेला रसियन उपन्यास पढेर जीवन कटाइरहेका उनी जीवनको यो घडीलाई सहज रूपमा लिन्छन् ।

'के रहेछ त जीवन ?'

'यो गाह्रो प्रश्न छ,' एक मुस्कान छाड्दै उनी गम्भीर देखिए, 'जस्तो भोगाइ हुन्छ, मान्छे त्यहीअनुसार जीवनको परिभाषा दिन्छ । मलाई लाग्छ, कुनै एक कविताको हरफजस्तै जीवन फूल पनि हो, काँडा पनि हो । हामी दुःखबाट बच्न सक्दैनौं, आफ्नो पालो आउँदा लपेटिहाल्छ । त्यसैले जीवन न सुख हो, न दुःख, यो त दुवैको मिश्रण रहेछ ।'

उनलाई अर्को प्रश्न थियो, 'ऐनाअघि उभिएर हेर्दा आफूले जीवनमा गरेका भूल कसरी सम्झिनुहुन्छ ?' 'गल्ती यो उमेरमा आएर के याद गरिराख्नु ?,' जवाफमा चन्दले भने, 'मलाई कुनै अफसोच छैन । अरूको नजरबाट हेर्दा गल्ती भए होलान्, तर आफूनै नजरमा त मानिसले कहाँ गल्ती गर्छ ?'

लगत्तै चन्दले फेरि हाँस्दै थपे, 'ऐनाअघि उभिनू भन्नुभयो । मलाई ०४१ सालमा पोखरा पुग्दा लेखेको मेरो कविता पो याद आयो, जसको शीर्षक थियो- 'म आजभोलि ऐना हेर्दिनँ ।'

सपना देखने यन्त्रहरू



श्रेया योन्जन
yonjanshreya@gmail.com

कविता

हामीलाई नियतिले हुत्याइरहेको छ
कतै पर जहाँ हामी संघारमा छौं
कुस्ती खेल्दै छौं हाम्रा कल्पनाहरूसँग
जलिरहेको हाम्रो वास्तविकता चिच्याइरहेको छ
तर निर्धो हामी भोलिको कपोकल्पित आशाहरूले
उदुम मच्चाउँदै छौं
आफू आफैंमाथि खनिइँदै छौं
यहाँ हाम्रो भोकको सम्झौता हुँदै छ
तर हामी कति सजिलै साझेदारी गर्दिन्छौं
हुन त हाम्रा सपनाहरूको पनि मोल छ
त्यसैले त हामी सपना नै देख्न छाड्छौं
अब बिरानो छ, हामी र हाम्रा
सपना देख्ने यन्त्रहरू
हामी लुटिएका छौं
तर केवल त्यान्द्रो जीवनरूपी
भोगाइका लागि सजिलै
आफ्नै सम्पूर्ण पार्टपुर्जाहरू नै
समर्पण गर्न सक्छौं
हामी आफैंदेखि अलग्गिएका निर्बल, नीच
सिरफ अस्तुहरूका हकदारहरू
हामीलाई जीवन चाहिएन
जीवनरूपी आभासमै हामी लिप्त छौं
मस्त छौं मग्न छौं
तर हाम्रा ढोकाहरू ढकढकिँदै छन्
फेरि कुनै न कुनै भविष्यले
हामीलाई जीवन देखाएको छ
हामीलाई बाध्य तुल्याएको छ
बन्द आखाँरूपी यन्त्रहरू खोल्न



एजेन्सी

झकझक्याएको छ, ब्युँताएको छ
कुनै न कुनै नियतिमा हामीले
नियतिलाई नै जितेका छौं
सम्पूर्ण रूपले मान्छे भएका छौं
अब हाम्रो वर्तमान कोरिँदै छ
स्वयम् आफ्ना लागि
हामी आफैंसित परिचित हुँदै छौं
हामीमा भएका युद्धका डोबहरू जर्जराउँदै छन्
कतै न कतै हामी जुर्मुरिँदै छौं
किनकि अब हामीलाई
पूर्ण रूपले हिस्सा लिनु छ
आफ्नै भूत, भविष्य र वर्तमानमा ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



आठ महिनामा भित्रिए ६ लाख पर्यटक

नयाँ पत्रिका

सन् २०२३ को पहिलो आठ महिनामा अघिल्लो वर्षभरिकै बराबर पर्यटक भित्रिएका छन्। जनवरीदेखि अगस्टसम्म विभिन्न देशबाट ६ लाखभन्दा बढी पर्यटक हवाईजहाज चढेर नेपाल भ्रमणमा आएका छन्। सन् २०२२ मा वर्षभरि ६ लाख १४ हजार पर्यटक नेपाल आएको पर्यटन बोर्डको तथ्यांक छ।

यो वर्ष नेपाल भ्रमणमा आउने पर्यटकको संख्या बढेर करिब १० लाख पुग्ने अनुमान गरिएको छ। नेपालको पर्यटन इतिहासमा सबैभन्दा धेरै पर्यटक सन् २०१९ मा भित्रिएका थिए। उक्त वर्ष विभिन्न देशबाट करिब १२ लाख पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांक छ।

सन् २०२२ को पहिलो महिना जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार दुई सय ५५, मार्चमा ९९ हजार चार सय २६, अप्रिलमा ९८ हजार सात सय ७३, मेमा ७७ हजार सात सय तीन, जुनमा ७२ हजार दुई सय ५०, जुलाईमा ५७ हजार सात सय २६ र अगस्टमा ६७ हजार एक सय ५३ पर्यटक नेपाल आएका छन्।

कोभिड महामारीअघि २०१९ अगस्टमा विभिन्न देशबाट करिब ७४ हजार पर्यटक नेपाल आएका थिए। त्यसपछि कोभिड फैलिँदा पर्यटक संख्या घटेर २०२० अगस्टमा दुई सय ६७, २०२१ अगस्टमा ६ हजार र २०२२ अगस्टमा ४१ हजारमा खुम्चियो।

महामारी कम हुँदै गएपछि पर्यटक आगमन पनि बढ्दै गइरहेको तथ्यांकले देखाउँछ।

चीन सरकारले आफ्ना नागरिकलाई घुमफिरमा निस्कन अनुमति दिएसँगै नेपालमा चिनियाँ पर्यटक बढ्न थालेका छन्। अगस्ट महिनामा चीनबाट पाँच हजार २७ पर्यटक भित्रिएपछि दोस्रो नम्बरमा परेको छ। सबैभन्दा धेरै पर्यटक भित्रिनेमा भारत नै रहेको छ, जहाँबाट एक महिनामा २६ हजार ६ सय ६५ पर्यटक आएका छन्।



पर्यटक वृद्धि उत्साहप्रद छ

● **वसन्त मिश्र,** पर्यटन उद्यमी

विश्वव्यापी कोभिड महामारीपछि पर्यटन क्षेत्र राम्रोसँग रिभाइभ भइरहेको छ। पर्यटक आगमन पनि क्रमिक रूपमा बढ्दो छ। अहिले जसरी पर्यटक बढिरहेका छन्, यसमा निजी क्षेत्रले गर्व गर्नुपर्छ। किनभने, यो निजी क्षेत्रको एकल प्रयासले भएको हो। सरकारले मद्दत मागेको बखत जहिल्यै सहयोग गरेको छ। तर, पर्यटक बढाउनका लागि ठोस काम गर्न सकेको छैन। अहिले जसरी पर्यटक बढिरहेका छन्, यो उत्साहप्रद छ। हामीसँग पर्यटनको जति सम्भावना छ, त्यति उपयोग हुन सकेको छैन। यदि निजी क्षेत्र र सरकार मिलेर अगाडि बढेमा पर्यटन देशको अर्थतन्त्रको खम्बा बन्नेमा कुनै शंका छैन।

कुन महिना कति पर्यटक आगमन ?

महिना	सन् २०२३	सन् २०२२
जनवरी	५५,०७४	१६,९७५
फेब्रुअरी	७३,२५५	१९,७६६
मार्च	९९,४२६	४२,००६
अप्रिल	९८,७७३	६१,५८९
मे	७७,७०३	५३६०८
जुन	७२,२५०	४६,९५७
जुलाई	५७,७२६	४४,४६२
अगस्ट	६७,१५३	४१,३०४
कुल	६,०१,३६०	३,२६,६६७

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

‘नेपालमा अमेरिकी लगानी बढाउन उत्प्रेरित गर्नेछु’

काठमाडौं/ अमेरिकी सिनेटर क्रिस भ्यान होलनले लगानीका लागि नेपाल उत्तम देश रहेको बताएका छन्। उनले नेपालमा लगानी भित्र्याउनका लागि आफूले अमेरिकी लगानीकर्तालाई उत्प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्। अमेरिकन चेम्बर्स अफ कमर्स (एमच्याम) को आयोजनामा शुक्रबार काठमाडौंमा आयोजित अन्तर्क्रिया कार्यक्रममा उनले नेपालमा पछिल्लो समय ऊर्जा, प्रविधि र पर्यटनलगायतका क्षेत्रमा लगानीको प्रशस्त सम्भावना देखेको बताए। अमेरिका र नेपालको पुरानो तथा गहिरो सम्बन्ध रहेको चर्चा गर्दै सिनेटर होलनले एमच्यामले नेपाल र अमेरिकी लगानीकर्ताबीच समन्वयकारी भूमिका खेल्न सक्ने बताए।

अरूण बहुद्देश्यीय सहकारी संस्था लिमिटेड

दर्ता नं.६९७/०५७

(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)

शान्तिनगर, काठमाडौं ३१, फोन नं. ०१-४१०७७९०

श्री पदम बहादुर सुनुवारकी नातिनी, श्री मखन बहादुर सुनुवारकी छोरी रामेछाप जिल्ला, सैपु गा.वि.स.वडा नं ६ स्थायी ठेगाना भएकी श्री डिल्लीमाया सुनुवारको नाममा जारी गरीएको कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सूचना :

तपाईले यस सहकारी संस्थाबाट मिति २०७० /१२/०४ मा हा.प.कर्जा लिनु भएको अवगतै छ। सो कर्जा चुक्ता गर्ने विषयमा तपाईलाई लिखित तथा मौखिक ताकेता गरीएको भएता पनि ऋण कर्जा चुक्ता नगर्नु भएकोले यो सार्वजनिक सुचना जारी गरीएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी आफुले लिएको कर्जा राफसाफ गर्नुहुन अनुरोध छ। उक्त म्याद भित्र कर्जा चुक्ता नगरेमा ऋण लिँदाका बखत धितो रहेको सम्पति लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल गरीने व्यहोरा अवगत गराइएको छ। साथै संस्थामा रहेको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट बाँकि लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

■ इभी अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु

चार्जिङ स्टेसन थप्ने अभियान चलाउँछौं : ऊर्जामन्त्री बस्नेत



काठमाडौं/ नेपाल पावर, लाइट एन्ड इलेक्ट्रिक, नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेस तथा नेपाल इभी अन्तर्राष्ट्रिय प्रदर्शनी काठमाडौंमा सुरु भएको छ। १७ भदौसम्म सञ्चालन हुने उक्त प्रदर्शनी शुक्रबारदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको हो।

मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स, एक्विजिसन एन्ड ट्रेड सर्भिसेज इन्डिया प्रालि तथा इलेक्ट्रिक भेइकल म्यानुफ्याक्चरर एन्ड इम्पोर्टर्स एसोसिएसन अफ नेपालले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रमले विद्युतीय उपभोग बढाई देशलाई आर्थिक रूपमा सबलीकरण गर्ने बताइएको छ। प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी एक सयभन्दा बढी कम्पनीका प्रदर्शनी कक्ष रहेका छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्रदर्शनीको उद्घाटन गर्दै देश क्रमशः ऊर्जामा आत्मनिर्भर हुँदै गएको बताए। त्यसैले विद्युतीय सवारीसाधन र उपकरणको प्रयोगलाई बढावा दिने उद्देश्यका साथ सरकारले आफ्ना नीति तथा कार्यक्रम अगाडि बढाएको उनको भनाइ थियो। उनले सरकार दीर्घकालीन सोचका साथ ऊर्जा क्षेत्रको विकासका लागि प्रयत्नशील रहेको उल्लेख गरे।

ऊर्जा क्षेत्रको समयानुकूल विकासका लागि सरकारले हालै मात्र नयाँ विद्युत् विधेयक तय गरेको र संसद्मा पेस हुने चरणमा रहेको उनले जानकारी दिए। विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि देशभर नै चार्जिङ स्टेसनको निर्माणलाई अभियानका रूपमा अगाडि बढाउने लक्ष्यका साथ काम भइरहेको उनको भनाइ थियो।

सरकारले देशभर नै पाँच सयवटा चार्जिङ स्टेसन निर्माण गर्ने तयारी गरेको छ। यस्तै, नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका ५० वटा चार्जिङ स्टेसन एकाधबाहेक अधिकांश सञ्चालनमा आइसकेका छन्।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, भारतीय दूतावासका प्रतिनिधिलगायतको उपस्थिति थियो।

प्रदर्शनीमा विद्युतीय कार, विद्युतीय स्कुटर, मोटरसाइकल, विद्युतीय साइकल तथा रिक्सा, चार्जिङ स्टेसन, ब्याट्री, ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण यन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबल एवं कन्डक्टर, अत्याधुनिक प्रकारका स्विच, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहरू, कार्यालय प्रविधि तथा अन्य विद्युतीय सामग्रीका कम्पनीको सहभागिता रहेको छ।

सौर्य ऊर्जा विकासमा इप्पानको चासो

काठमाडौं/ सरोकारवालाहरूले नेपालमा सौर्य ऊर्जा उत्पादनमा सुधार ल्याउनुपर्ने बताएका छन्। शुक्रबार काठमाडौंमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आयोजना गरेको नेपालमा ग्रिडजडित सौर्य आयोजनाको सम्भावना र चुनौती विषयक अन्तर्क्रिया कार्यक्रमका पेपर प्रस्तोताहरूले यो धारणा जनाएका हुन्।

फ्राइडे फोरमअन्तर्गत आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले इप्पान भनेको जलविद्युत् उत्पादकहरूको मात्र संस्था नभएर सबै ऊर्जा उत्पादकहरूको छाता संस्था भएकाले सोलार विद्युत् प्रवर्द्धकका आवाज सरकारलाई सुनाउन कार्यक्रम आयोजना गरिएको बताए।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले विगत १० वर्षदेखि इप्पानले फ्राइडे फोरम कार्यक्रम आयोजना गर्दै आएकोमा कोभिडका कारण चार वर्षसम्म कार्यक्रम आयोजना नभए पनि अबदेखि यसलाई ऊर्जा क्षेत्रका विविध विषयमा बहस पैरवी गर्ने कार्यक्रमका रूपमा अघि बढाउने बताए।

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डिल्लीबहादुर सिंहले सोलार विद्युत् उत्पादनका लागि पूर्ण खुला गरिदिनुपर्ने बताए। निजी क्षेत्रका मागसँग सधैँ साथसाथै रहेको भन्दै उनले आगामी दिनमा सोलार विद्युत्का विषयमा पनि आयोगले नीतिहरू बनाउने बताए। संघीय संसद्को पूर्वाधार विकास समितिका सदस्य माधव सापकोटाले अहिले प्रधानमन्त्री र ऊर्जामन्त्री दुवैजना आफ्नै पार्टीबाट सरकारमा रहेको भन्दै सोलार विद्युत्का यी तमाम विषयमा पार्टी र संसद् दुवै ठाउँमा आवाज उठाउने बताए।

कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१६

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७३/११/२२ मा दर्ता नं. १६४९५५/०७३/०७४ मा दर्ता भै संचालनमा रहेको एग्रीकल्चर प्राउड प्रा.लि. कम्पनीको मिति २०७८/०३/१६ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी प्रकृति एग्रो फार्मस प्रा.लि.ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०७८/०४/१४ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नबिल बैंक लिमिटेड, सुर्खेत शाखा, सुर्खेत तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०५/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा, मिति: २०७४/०४/१८ मा प्रा.फ.नं.घ.उ.बि. ३३९५/०७४/७५, अन्तर्गत दर्ता भएको **श्री तुलसी एग्रो फर्म।**
ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १६, वी.न.न.पा. सुर्खेत।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :
प्रजापती ढकालको नाति, खिम प्रसाद ढकालको छोरा, सुर्खेत जिल्ला, गर्पन गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १६ बस्ने, नागरिकता नं. ४४९०५/४७५८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सुर्खेत, मिति: बि.सं. २०५८/७/५ भएको **श्री चन्द्र प्रकाश ढकाल।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

बुद्धि प्रसाद आचार्यकी छोरी, खिम प्रसाद ढकालकी बुहारी, चन्द्र प्रकाश ढकालकी श्रीमती, सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ७८२६० (जारी मिति: २०६३/०३/१५, स्थान सुर्खेत) भएकी **श्रीमती सम्झना ढकाल।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :
सुर्खेत जिल्ला, गर्पन गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १६ बस्ने, **श्री चन्द्र प्रकाश ढकाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुर्खेत जिल्ला, गर्पन गा.वि.स. वडा नं. ९ सिट नं. ९ञ मा अवस्थित कि.नं. क्रमश: १७०, ७३ र ७१ क्षेत्रफल क्रमश: ३२२७, ३५६१.१८ र ३५६१.१८ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम साबिक श्री ५ को सरकार नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभागमा, मिति: २०४८/०४/१५ मा प्रा.फ.र.नं. ५६८/०४८/४९ अन्तर्गत दर्ता भएको **श्री ईन्द्र ज्वाला निर्माण सेवा।**
ठेगाना: दैलेख जिल्ला, खरिगैरा गा.वि.स. वडा नं. ४, दैलेख।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :
जय बहादुर मल्लको नाति, टेक बहादुर मल्लको छोरा, दैलेख जिल्ला, खरिगैरा गाउँ पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ९०५४३/१७४१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: दैलेख, मिति: बि.सं. २०५४/२/२० भएको **श्री किशोर कुमार मल्ल।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणबहादुर शाहीकी छोरी, टेक बहादुर मल्लकी बुहारी, किशोर कुमार मल्लकी श्रीमती, दैलेख जिल्ला, खरिगैरा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने, ना.प्र. नं. १००९२४/३२३५ (जारी मिति: २०५८/१०/२४, स्थान दैलेख) भएकी **श्रीमती निर्मला कुमारी मल्ल।**
२. नर बहादुर शाहीको नाति, रण बहादुर शाहीको छोरा, दैलेख जिल्ला, रानिवन गाउँ पञ्चायत वडा नं. ८ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने, नागरिकता नं. ८२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: दैलेख, मिति: बि.सं. २०४२/०९/२७ भएको **श्री ईन्द्र बहादुर शाही।**
३. रणबहादुर शाहीकी बुहारी, ईन्द्र बहादुर शाहीकी श्रीमती, दैलेख जिल्ला, रानिवन गाउँ पञ्चायत वडा नं. ८ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १४७० (जारी मिति: २०४६/१२/१९, स्थान दैलेख) भएकी **श्रीमती कर्नसरा शाही।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :
दैलेख जिल्ला, खरिगैरा गाउँ पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं ६ बस्ने, **श्री किशोर कुमार मल्ल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ सिट नं. ३ मा अवस्थित कि.नं. ४५७१ र ४८९२ क्षेत्रफल क्रमश: २४९.७५ र २१.१६ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

धितोमा रहेको सवारी साधनको विवरण :
ऋणी **श्री ईन्द्र ज्वाला निर्माण सेवा** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. भे. १ क.९५४ भएको JCB 3DX Super Backhoe Loader.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, पुष्पलाल चोक शाखा, मोरङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

प्रकाशित मिति : २०८०/०५/१६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति: २०७९/०५/२० को नयाँ पत्रिका दैनिकमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाठकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **पुष्पलाल चोक शाखा, मोरङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

कैलास साहकी छोरी, महेन्द्र प्रसाद गुप्ता साहकी बुहारी, नारायण प्रसाद साह गुप्ताकी श्रीमती, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. ८८३४, (जारी मिति: २०६४/०४/२८, स्थान मोरङ) भएकी **श्रीमती सुन्दरी देवी साह गुप्ता।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण :
१. हरीलाल प्रसाद साह गुप्ताको नाति, महेन्द्र प्रसाद गुप्ता साहको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. ७९३१६, (जारी मिति: २०६३/०३/०६, स्थान मोरङ) भएको **श्री नारायण प्रसाद साह गुप्ता।**
२. महेन्द्र प्रसाद गुप्ता साहको नाति, नारायण प्रसाद साह गुप्ताको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. ०५/०१/७०/२२९०९, (जारी मिति: २०७०/११/२२, स्थान मोरङ) भएको **श्री अमन प्रसाद साह गुप्ता।**

धितोको विवरण

मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १४ बस्ने, **श्रीमती सुन्दरी देवी साह गुप्ता**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं. ३ सिट नं. ३क मा अवस्थित कि.नं. २७८४ क्षेत्रफल ०-१-१७-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा पुष्पलाल चोक शाखा, मोरङ**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति: २०८०/०५/३१ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पुष्पलाल चोक शाखा, मोरङमा** बुझाई सक्नु पर्ने छ।
३. प्राप्त बोलपत्रहरु मिति: २०८०/०६/०१ गते ३:०० बजे बैंकको **पुष्पलाल चोक शाखा, मोरङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिने छ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिने छ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो, स्पष्ट खुलाई पेश गर्नु पर्ने छ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहने छ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो, सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्ने छ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईने छ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्ने छ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्ने छ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्ने छ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुने छ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पुष्पलाल चोक शाखा, मोरङ**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

शनिबार १६ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एसिया कपमा आज

आमनेसामने पाकिस्तान–भारत

विश्व क्रिकेटमा भारत र पाकिस्तानबीचको प्रतिस्पर्धा सधैँ रोमाञ्चक बन्ने गर्छ। संसारको जुनसुकै मैदानमा यी दुई प्रतिस्पर्धीबीचको भिडन्त अत्यधिक चासोका साथ लिने गरिन्छ। जितमा सिंगो राष्ट्र नै खुसी मनाउँछ। हारमा खेलाडीविरुद्ध नाराबाजी नै हुन्छ। एसिया कप क्रिकेट प्रतियोगितामा पुनः एकपटक भारत र पाकिस्तानबीच शनिबार खेल हुँदै छ। यो खेल श्रीलंकाको पालेकेले रंगशालामा हुँदै छ। पहिलोपटक यी दुई राष्ट्रबीच सन् १९८४ को एसिया कपमा आमनेसामने भएका थिए। एसिया कपमा उनीहरूबीच १५ पटक प्रतिस्पर्धा हुँदा भारत नौ र पाकिस्तानले ६ खेलमा जित निकालेको छ। दुई खेलमा नतिजा निस्किएन। एसिया कपमा पाकिस्तानमाथि भारतले ६० प्रतिशत जित राखेको छ। पाकिस्तानले आफ्ना छिमेकीविरुद्ध ४० प्रतिशत नतिजा निकालेको छ।

सन् १९८४ : भारत ५४ रनले विजयी

एसिया कपको पहिलो संस्करणमै भारत र पाकिस्तानबीच खेल भयो। एकदिवसीय विश्वकप च्याम्पियन भएको भारतले पाकिस्तानलाई पहिलो भेटमै ५४ रनले हरायो। सारजहाँ रंगशालामा भारतले पहिलो ब्याटिङ गरी ४६ ओभरमा चार विकेटको क्षतिमा एक सय ८८ रन बनायो। भारतका लागि एस खन्नाले सर्वाधिक ५६ रन बनाए। सुनील गावस्करले ३६ रन जोडे। सहज लक्ष्य पछ्याउँदा पाकिस्तान ३९.४ ओभरमा एक सय ३४ रनमै अलआउट भयो। पाकिस्तानका लागि ओपनर मोसिन खानले ६५ बलमा ३५ रन जोडे। बलिङका क्रममा भारतका रवि शास्त्रीले तीन र रोजर विन्नीले तीन विकेट लिए।

सन् १९८८ : पाकिस्तान चार विकेटले पराजित

बंगबन्धु रंगशालामा पहिलो ब्याटिङ गरेको पाकिस्तानले ४२.२ ओभरमा सबै विकेट गुमाउँदै एक सय ४२ रन मात्र जोड्यो। ओपनर रमिज राजाले ३३ रन तथा मोइन उल हकले ३८ रन बनाए। भारतविरुद्ध अर्सद आयुबले २१ रन खर्चेर पाँच विकेट लिए। प्रत्युत्तरमा भारतले ४०.४ ओभरमा ६ विकेट गुमाएर एक सय ४३ रन बनाएको थियो। मोहमद अमरनाथले ७४ रनको नटआउट इनिङ्स खेले। उनले एक सय २२ बलमा ६ चौका प्रहार गरे। बलिङका क्रममा पाकिस्तानका स्पिनर अब्दुल क्वदारले तीन मेडन राखी तीन विकेट हात पारे। यसै खेलमा वासिम अक्रमले दुई विकेट लिए।

सन् १९९५ : ९७ रनले पाकिस्तानको जित

एसिया कपमा पाकिस्तानले भारतमाथि १० वर्षपछि जित निकाल्यो। सारजहाँ रंगशालामा पाकिस्तानले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा ६ विकेटको नोक्सानीमा दुई सय ६६ रन बनायो। त्यो समयमा पाकिस्तानले जोडेको योगफल असम्भव मानिन्थ्यो। पाकिस्तानका लागि इन्जमाम उल हकले सय बलमा ८८ रनको योगदान दिए। वासिम अक्रमले ४६ बलमा ५० रन बनाए। बलिङमा अनिल कुम्बलेले दुई विकेट लिए। लक्ष्य पछ्याउँदा भारत ४२.४ ओभरमा एक सय ६९ रनमै समेटियो। पाकिस्तानका अकिव जावेदले सर्वाधिक पाँच विकेट हात पारे। भारतका नभज्योत सिन्धुले सर्वाधिक ५४ रन जोडे।

सन् २००० : पाकिस्तान ४४ रनले विजयी

एसिया कपमा ६ वर्षपछि भारत र पाकिस्तान आमनेसामने भए। बंगलादेशको बंगबन्धु रंगशालामा पाकिस्तानले पहिलो ब्याटिङ गरी ५० ओभरमा सात विकेटको क्षतिमा दुई सय ९५ रन जोडेको थियो। यस खेलमा मोहमद युसुफले सय रनको नटआउट इनिङ्स खेले। भारतका लागि अनिल कुम्बलेले तीन विकेट हात पारे। अजय जडेजाले ९३ रनको योगदान दिँदा पनि भारत ४७.४ ओभरमा दुई सय ५१ रनमा अलआउट भयो। यस खेलमा सचिन तेन्दुलकरले २५ रन बनाएका थिए।

सन् २००४ : ५९ रनले भारत स्तब्ध

श्रीलंकाको प्रेमादासा रंगशालामा पाकिस्तानले पहिलो ब्याटिङ गरी एसिया कपमै तीन सय रनको योगफल बनायो। पाकिस्तानले ५० ओभरमा नौ विकेट गुमाएर तीन सय रन बनायो। अलराउन्डर सोयब मलिकले १२७ बलमा एक सय ४३ रन जोडे। अस्वाभाविक रूपमा सचिन तेन्दुलकरले तीन विकेट हात पारे। फास्ट बलर इफान पठानले तीन विकेट हात पारे। प्रत्युत्तरमा भारतले ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ४१ रन बनायो। सचिनले १०३ बलमा ७८ रन जोडे। म्यान अफ दी म्याच सोएब मलिकले बलिङमा दुई विकेट हात पारे।

सन् २००८ : भारतको ६ विकेटको जित

यस संस्करणमा भारत र पाकिस्तान समूह 'बी'मा सुरुवातमै भिडेका थिए। पाकिस्तानले ५० पहिलो ब्याटिङ गरी ५० ओभरमा चार विकेट गुमाएर दुई सय ९९ रनको बलियो योगफल खडा गऱ्यो। सोयब मलिकले ११९ बलमा एक सय २५ रनको शतकीय इनिङ्स खेले। युनिस खानले ५९ रन र सलमान वटले ३५ रन जोडे। भारतले रोमाञ्चक खेलमा पाकिस्तानलाई ६ विकेटले हरायो। भारतका लागि ओपनर वीरेन्द्र सेहवागले ९५ बलमा १२ चौका र पाँच छक्का प्रहार गरी एक सय १९ रन बनाए।



सन् २००८ : पाकिस्तान आठ विकेटले विजयी

यसै संस्करणको सुपर फोरमा पाकिस्तानले भारतलाई समूह चरणमा व्यहोरेको हारको बदला लियो। करौँचीको राष्ट्रिय रंगशालामा भारतले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा सात विकेट गुमाएर तीन सय आठ रन बनायो। भारतका लागि ओपनर वीरेन्द्र सेहवागले ४९ रन, महेन्द्रसिंह धोनीले ७६ रन, रोहित शर्माले ५८ रन बनाए। प्रत्युत्तरमा पाकिस्तानले युनिस खानको एक सय २३ रनको शतकीय इनिङ्सको मद्दतमा भारतमाथि आठ विकेटको सानदार जित निकाल्यो।

दुई राष्ट्रबीचको खेलमा व्यक्तिगत प्रदर्शन

सर्वाधिक रन : रोहित शर्मा ३६७ (भारत), सोएब मलिक ४२८ (पाकिस्तान)
सर्वाधिक विकेट : अनिल कुम्बले ७ (भारत), सइद अजमल ८ (पाकिस्तान)
व्यक्तिगत उच्च रन : विराट कोहली १८३ (भारत), सोएब मलिक १४३ (पाकिस्तान)
उत्कृष्ट बलिङ : अर्सद आयुब २१/५ (भारत), अकिब जावेद १९/५ (पाकिस्तान)

सन् २०१० : पाकिस्तानमाथि तीन विकेटको जित

श्रीलंकामा भएको एसिया कपमा पाकिस्तानले सुरुवाती ब्याटिङ गरी ४९.३ ओभरमा सबै विकेट गुमाएर दुई सय ६७ रन बनायो। पाकिस्तानका लागि ओपनर सलमान वटले ८५ बलमा ७४ रन बनाए। पुछारका कमरान अकमलले ५१ रन जोडे। गौतम गम्भीरले ८३ रन र महेन्द्रसिंह धोनीले ५६ रन जोडेपछि भारतले ४९.५ ओभरमा सात विकेटको क्षतिमा दुई सय ७१ रन जोड्यो।

सन् २०१२ : भारत ६ विकेटले विजयी

मिरपुरमा भएको एसिया कपमा भारतले पुनः एकपटक पाकिस्तानमाथि रोमाञ्चक जित निकाल्यो। पाकिस्तानले ओपनर मोहमद हफिज र नसिर जमसेदको शतकीय योगदानमा ६ विकेटको नोक्सानीमा तीन सय २९ रनको बलियो योगफल बनायो। मोहमदले ११३ बलमा एक सय पाँच रन र नसिरले १०४ बलमा एक सय १२ रन जोडे। भारतले सुरुवातमै ओपनर गौतम गम्भीरको विकेट गुमायो। तर, विराट कोहलीको एक सय ८३ रनको विस्फोटक ब्याटिङको मद्दतमा भारतले ४७.५ ओभरमा केवल चार विकेट गुमाएर तीन सय ३० रन जोड्यो। भारतका लागि सचिनले ५२ रन र रोहितले ६८ रन बनाए।

सन् २०१४ : भारत एक विकेटले हाऱ्यो

मिरपुरमा पहिलो ब्याटिङ गरेको भारतले ५० ओभरमा आठ विकेटको क्षतिमा दुई सय ४५ रनको मध्यम योगफल खडा गऱ्यो। भारतका लागि अम्बाती राइडुले सर्वाधिक ५८ रन र रवीन्द्र जडेजाले ५२ रन बनाए। पाकिस्तानले ४९.४ ओभरमा नौ विकेटको क्षतिमा दुई सय ४९ रन जोड्यो। पाकिस्तानका लागि मोहमद हफिजले ७५ रन र अहमेद सेहजादले ४२ रन बनाए। बलिङमा भारतका लागि रविचन्द्रन आश्विनले तीन विकेट लिए। अमित मिश्रा र भुवनेश्वर कुमारले समान दुई विकेट हात पारे।

सन् २०१६ : पाँच विकेटले पाकिस्तान पराजय

एसिया कपमा पाकिस्तानले भारतविरुद्ध सम्भवतः पहिलोपटक कमजोर ब्याटिङ गरेको यही संस्करणमा थियो। पहिलो ब्याटिङ रोजेको पाकिस्तानले केवल १७.३ ओभरमा सबै विकेट गुमाउँदै ८३ रन मात्र बनायो। भारतका हार्दिक पाण्ड्याले ३.३ ओभरमा आठ रन खर्चेर तीन विकेट लिए। जसप्रित ब्रुमराहले ३ ओभरमा आठ रन दिँदै एक विकेट लिए। पाकिस्तानका लागि सर्फराज अहमेदले सर्वाधिक २५ रन बनाए। भारतले १५.३ ओभरमा पाँच विकेट गुमाएर ८५ रन जोड्यो। विराट कोहलीले सर्वाधिक ४९ रन बनाए। यस खेलमा भारतका तीन ब्याट्सम्यान डकआउट भए।

सन् २०१८ : भारत आठ विकेटले विजयी

समूह चरणमा पाकिस्तानले भारतविरुद्ध पहिलो ब्याटिङ गरी ४३.१ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६२ रन बनायो। पाकिस्तानका बाबर अजामले सर्वाधिक ४७ रन बनाए। यस खेलमा भारतका भुवनेश्वर कुमारले तीन विकेट लिए। प्रत्युत्तरमा भारतले २९ ओभरमा दुई विकेटको नोक्सानीमा एक सय ६४ रन जोड्यो। भारतका कप्तान रोहित शर्माले सर्वाधिक ५२ रन बनाए।

सन् २०१८ : पाकिस्तानमाथि भारतको नौ विकेटको जित

सन् २०१८ को संस्करणको सुपर फोरमा भारतले पाकिस्तानमाथि एक विकेटको जित निकाल्यो। पाकिस्तानले पहिलो ब्याटिङ गरी ५० ओभरमा सात विकेट गुमाएर दुई सय ३७ रन बनायो। पाकिस्तानका लागि सोयब मलिकले ७८ रन बनाए। भारतले कप्तान रोहित शर्माको एक सय ११ रन र शिखर धवनको एक सय १४ रनको सहयोगमा ३९.३ ओभरमा एक विकेटको नोक्सानीमा दुई सय ३८ रनको योगफल बनायो।

सन् २०२२ : भारत पाँच विकेटले विजयी

पछिल्लो संस्करणको समूह चरणमा पाकिस्तानले भारतविरुद्ध पहिलो ब्याटिङ गर्दै १९.५ ओभरमा सबै विकेट गुमाएर एक सय ४७ रन बनायो। पाकिस्तानका मोहमद रिजवानले सर्वाधिक ४३ रन बनाए। प्रत्युत्तरमा भारतले १९.४ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ४८ रन जोड्यो। भारतका लागि विराट कोहली र रवीन्द्र जडेजाले समान ३५ रन बटुले।

सन् २०२२ : पाकिस्तान पाँच विकेटले विजयी

सन् २०२२ को एसिया कपअन्तर्गत सुपर फोरमा पाकिस्तानले भारतमाथि पाँच विकेटको जित निकाल्यो। भारतले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेट गुमाएर एक सय ८१ रन जोडेको थियो। यस खेलमा कोहलीले ४४ बलमा ६० रन बनाए। पाकिस्तानले १९.५ ओभरमा पाँच विकेटको नोक्सानीमा एक सय ८२ रनको योगफल बनायो। पाकिस्तानका मोहमद रिजवानले ५१ बलमा ७१ रन जोडेका थिए।

- एजेन्सीको सहयोगमा

१७ बलमै नेपालको सानदार जित



नयाँ पत्रिका

आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत एसिया छनोटमा नेपाल १७ बलमै विजयी भएको छ। मलेसियामा चलिरहेको छनोट प्रतियोगितामा नेपालले बहराइनमाथि १० विकेटको सानदार जित निकाल्दा नेपालले २.५ ओभर मात्र ब्याटिङ गरेको थियो। बहराइन १५.४ ओभरमा ३१ रनमै अलआउट भयो। प्रत्युत्तरमा नेपालले २.५ ओभरमा विनाविकेट क्षति ३२ रन जोड्यो। नेपालले छनोट प्रतियोगितामा लगातार दुई खेलमा जित निकालेको छ। यसअघि नेपालले आयोजक मलेसियामाथि पाँच रनको रोमाञ्चक जित दर्ता गरेको थियो। लक्ष्य पछ्याउँदा नेपालका ओपनर कविता कुँवर र सीता रानामगरले अविजित रन जोडेका थिए। कविताले १४ बलमा १७ रन बनाइन्। उनले आफ्नो संक्षिप्त इनिङ्समा तीन चौका प्रहार गर्दा १२१.४३ को स्ट्राइक राखिन्। बहराइनका बलरले नेपाललाई १३ अतिरक्त रन दिएका थिए। बहराइनले १३ वाइड फ्याँक्यो। बहराइनकी सेठीले एक ओभरमा ११ रन खर्चिइन्।

बहराइनलाई ३२ रनमा अलआउट गरेको नेपालले २.५ ओभरमा एक विकेट पनि नगुमाउँदै जित निकाल्यो

नेपालको कसिलो बलिङ

मलेसियाको सेलोंगोर टफ क्लबमा पहिलो ब्याटिङ गरेको बहराइनले नेपालका कुनै पनि बलरविरुद्ध गतिलो स्ट्रोक लगाउन सकेनन्। नेपालका इन्दु बर्मा र खुसी डंगोलले घातक बलिङ गरेका थिए। मलेसियासँगको खेलमा खराब ब्याटिङ गरेकी इन्दुले चार ओभरमा पाँच रन खर्चेर तीन विकेट हात पारिन्। उनले आफ्नो बलिङ स्पेलमा दुई मेडन ओभर गरेकी थिइन्। खुसीले १.४ ओभरमा एक मेडन राखी दुई विकेट लिइन्।

यसैगरी, कविता कुँवरले चार ओभरमा दुई मेडन राखी एक विकेट लिइन्। उनले एक विकेट हात पारिन्। कप्तान रुबिना क्षेत्रीले तीन ओभरमा आठ रन खर्चेर एक विकेट हात पारिन्।

पहिलो ब्याटिङ गरेको बहराइनले कुनै पनि समयमा नेपालविरुद्ध चुनौती प्रस्तुत गर्न सकेन। नेपालका फास्ट र स्पिनर बलरविरुद्ध बहराइनका खेलाडीले प्रत्येक रनका लागि संघर्ष गरेका थिए। ६ खेलाडीले रन नै बनाएनन्।

बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा पूर्वकप्तान पारस प्यानलसहित विजयी

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का प्यानलसहित बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा निर्वाचित भएका छन्। पारसले प्रतिद्वन्द्वी उमेश पियालाई २३-१४ को अन्तरले हराए।

'दुई दशक क्रिकेट खेले पनि चुनावी माहोल फरक हुने रहेछ, हामी टिमवर्कले नै विजयी भएका हौँ,' शुक्रबार निर्वाचित भएपछि पारसको पहिलो प्रतिक्रिया रह्यो, 'पहिले पनि भन्दै आएको थिएँ, टिम राम्रो हुनुपर्छ।' उनलाई अध्यक्षमा जिताउन बागमतीका काठमाडौं, भक्तपुर, ललितपुर र मकवानपुर जिल्लाले पूर्ण समर्थन गरेका थिए।



चितवन र नुवाकोटले पारसलाई सर्वसम्मत नगराउने अडान लिएपछि साँझ पाँच बजे मतदान भएको थियो। 'क्रिकेट छाडेपछि मेरो जिम्मेवारी आजबाट पदाधिकारी भएको छ, म कसैको पनि विश्वास गुमाउँदिनँ,' पारसले भने। निर्वाचनमा अध्यक्षसहित चार पदाधिकारी र आठ सदस्यमा पारसको प्यानल नै विजयी भएको छ। पदाधिकारी र सदस्यमा भएको निर्वाचनमा पारसको प्यानलका सबैले २३ र उमेशतर्फकाले समान १४ मत ल्याए।

उपाध्यक्षमा प्रेमबहादुर क्षेत्रीले रूपक रञ्जितलाई हराए। सचिवमा प्रसन्न शाक्यले प्रज्वल सापकोटालाई निराश पारे। कोषाध्यक्षमा सञ्जय बस्नेतले विजय बोहोरालाई समान २३-१४ ले पाखा लगाए। सदस्यमा अजयराज पाण्डे, अनिल अधिकारी, सञ्जोग पोखरेल, सुजन महर्जन, धीरज श्रेष्ठ, शेखर श्रेष्ठ र वसन्तराज सत्याल निर्वाचित भएका छन्। नुवाकोटका प्रतिनिधि अनुजमान श्रेष्ठ १४ मतका साथ विजयी भए। अर्जुन केसी, सुरज ज्ञवाली, ध्रुव शर्मा, करण खतिवडा, सुरज सिलवाल, रामधन ढकाल र पारस अधिकारी पराजित भएका छन्। पारस प्यानलबाट महिला सदस्यमा पूर्वराष्ट्रिय टोलीकी कप्तान नीरा राजोपाध्याय निर्विरोध भइन्।

पारसले तत्काल नेपाल क्रिकेट संघ (क्यान)को केन्द्रीय चुनावलाई ध्यान नदिने बताएका छन्। उनले जिल्ला र प्रदेशसँग समन्वय गरेर मात्रै केन्द्रमा उम्मेदवारी दिने बताए।

VACANCY ANNOUNCEMENT

Alfa Beta Institute Pvt Ltd, a leading educational consultancy invites applications from dynamic, dedicated and qualified candidate for the position of:

ASST. MANAGER- HUMAN RESOURCE

Job Specifications:
- Masters Completed
- More than 5 years of work experience in the HR sector
- Candidate with HR certification shall be preferable
- Must be people person, result- driven and possess leadership qualities to drive the team.

Location : Kathmandu | **Salary :** Negotiable

Candidates meeting the above job specifications can send their resume at **recruitment@alfabetaedu.com** no later than 7th September, 2023.

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com